# सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको नेतृत्व कार्यसम्पादन परीक्षण

## (स्वमूल्याङ्कन तथा बाह्य परीक्षण प्रयोजनार्थ)

## मार्गदर्शन तथा परीक्षण साधन,

## २०८२


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

सानोठिमी, भक्तपुर

## प्राक्कथन

विद्यालयमा प्रभावकारी शिक्षण सिकाइको नेतृत्व गर्न, दैनिक प्रशासन सञ्चालन गर्न र विद्यालयलाई प्रभावकारी बनाउने सन्दर्भमा प्रधानाध्यापकको ज्ञान, सिप, दक्षता, शिक्षण कौशल, चिन्तन, धारणा तथा मूल्य मान्यता र आचरणको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। यस केन्द्रबाट गरिएका र अन्य अनुसन्धानबाट उपलब्ध प्रमाणअनुसार अधिकांश राम्रो नतिजा भएका विद्यालयमा सक्षम प्रधानाध्यापकको नेतृत्व रहेको पाइएको छ। विद्यालय नेतृत्वसम्बन्धी विभिन्न अध्ययनमा प्रभावकारी विद्यालय विकासमा प्रधानाध्यापकभन्दा जिम्मेवार व्यक्ति अरू हुन सक्दैनन् भन्ने निष्कर्ष रहेको सन्दर्भमा नेपालका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको नेतृत्व कार्यसम्पादन परीक्षण गर्ने कार्य शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सुरु गरिएको छ।

सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको नेतृत्व कार्यसम्पादन परीक्षण गर्न शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रधानाध्यापकहरूको कार्यसम्पादनको मापदण्ड तथा सूचकहरू समेटिएको कार्यसम्पादन परीक्षणको साधन विकास गरेको छ। यो परीक्षण साधन विकास गर्ने क्रममा कानुनी रूपमा प्रधानाध्यापकलाई तोकिएका काम, कर्तव्य र अधिकार, प्रधानाध्यापक विद्यालयको प्रशासनिक र शैक्षणिक नेतृत्वकर्ताको रुपमा रहेको सन्दर्भ तथा प्रधानाध्यापकले आफ्नो पेसागत विकास र विद्यालयको प्रभावकारी व्यवस्थापनका लागि गर्नुपर्ने शैक्षिक, प्रशासनिक र व्यवस्थापकीय कामहरूलाई आधार लिइएको छ। नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको प्रधानाध्यापक सक्षमता प्रारुप २०८१ का आधारहरूलाई ध्यान दिई यो परीक्षण साधन विकास गरिएको छ। यो साधनको प्रयोगबाट प्रधानाध्यापकले आफ्नो कार्यसम्पादनको स्तर मात्र पहिचान गरी एक कुशल प्रधानाध्यापकले गर्नुपर्ने कामहरू के के हुन् भन्ने जानकारीसमेत उपलब्ध हुने छ। स्थानीय तहले प्रधानाध्यापकको कामको मूल्याङ्कन तथा प्रधानाध्यापक व्यवस्थापनसँग सम्बन्धित क्रियाकलापमा समेत यसलाई आधार लिन सक्नेछन्। परीक्षणबाट प्रदेश तथा सङ्घीय तहमा शिक्षा हेर्ने निकायका लागि नीति तथा कार्यक्रम तर्जुमा, क्षमता विकासलगायत विषयमा पृष्ठपोषण प्राप्त हुने छ। यस परीक्षण साधनको विकास कार्यमा संलग्न हुने सबैलाई धन्यवादसहित यसको प्रभावकारी प्रयोग र रचनात्मक सुझावका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र सरोकारवाला सबैसँग हार्दिक अनुरोध गर्दछ।

जयराम अधिकारी
महानिर्देशक

# सामुदायिक विद्यालयका प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षण मार्गदर्शन

## क) परिचय

विद्यालयमा प्रभावकारी शिक्षण र सिकाइको समग्र शैक्षिक नेतृत्व गर्ने तथा दैनिक प्रशासन सञ्चालन गर्ने मुख्य जिम्मेवार व्यक्ति प्रधानाध्यापक [प्रअ] हुन्। विद्यालयहरूलाई सही दिशाबोध गर्नका लागि प्रअ प्रमुख नेतृत्वकर्ताको रूपमा रहेका हुन्छन्। प्रअले विद्यालय, समुदाय र शिक्षाका सम्बद्ध निकाय तथा सरोकारवालाबिच सेतुको काम पनि गरेका हुन्छन्। विद्यालयकेन्द्रित व्यवस्थापनको अवधारणाअन्तर्गत बढीभन्दा बढी अधिकार र दायित्व विद्यालयलाई प्रदान गरी विद्यालयको व्यवस्थापन गर्न खोजिएको वर्तमान अभ्यासमा विद्यालयलाई प्रभावकारी बनाउन प्रअको ज्ञान, सिप, धारणा तथा मूल्य मान्यताले विशेष अर्थ राख्दछ।

सामुदायिक विद्यालयका प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षण गर्न शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Education Review Office-ERO) ले प्रधानाध्यापकको कार्यसम्पादनको मापदण्ड तथा सूचकहरू समेटिएको परीक्षण साधन विकास गरेको छ। सामुदायिक विद्यालयका प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षण कार्यलाई विश्वसनीय तथा व्यवस्थित बनाउन, यस प्रक्रियामा एकरूपता ल्याउन र विद्यालय सुधारका लागि प्रअका सबल र सुधारका पक्ष पहिचान गर्ने विषयका लागि परीक्षण कार्यमा संलग्न सबैमा साझा बुझाइ हुन जरुरी छ।

## ख) उद्देश्य

प्रधानाध्यापक नेतृत्व कार्यसम्पादन परीक्षणको प्रमुख उद्देश्य देहायबमोजिम रहेका छन्,

(अ) प्रमाणमा आधारित भई सामुदायिक विद्यालयका प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षण गरेर सोको स्तर निर्धारण गर्नु,

(आ) शैक्षिक गुणस्तर अभिवृद्धिमा प्रधानाध्यापकलाई जिम्मेवार र उत्तरदायी बनाउनका लागि सुधारका क्षेत्र पहिचान गर्न सहयोग गर्नु,

(इ) सामुदायिक विद्यालयका प्रधानाध्यापकबाट अवलम्बन गरिएका अभ्यासहरूको पहिचान र विश्लेषण गरी नीति, कार्यक्रमलगायत विषयमा पृष्ठपोषण प्रदान गर्नु ।

## ग) परीक्षण प्रक्रिया

१. यो परीक्षण साधनले प्रधानाध्यापकहरूको नेतृत्व कार्यसम्पादन परीक्षण गरी प्रधानाध्यापकका सबल पक्ष र सुधार गर्नुपर्ने पक्षमा जानकारी दिने छ। यस परीक्षणबाट विद्यालय, स्थानीय तह, प्रदेश तह र सङ्घीय तहमा शैक्षिक नीति, कार्यक्रमलगायत विषयमा पृष्ठपोषण प्राप्त हुने छ। यो साधन सामुदायिक माध्यमिक विद्यालयका प्रधानाध्यापक लक्षित गरेर तयार पारिएको भए पनि यसलाई अनुकूलन गरी सामुदायिक आधारभूत विद्यालयका प्रधानाध्यापक र संस्थागत विद्यालयका प्रधानाध्यापकका लागि समेत प्रयोग गर्न सकिने छ। विद्यालय वा स्थानीय तह वा प्रदेश तहको शिक्षा हेर्ने संस्थाले आफ्नै कार्यक्रम वा पहलमा पनि यस साधन प्रयोग गरी परीक्षण कार्य गर्न सक्ने छन्। **शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट हुने परीक्षणमा प्रधानाध्यापकले स्वः मूल्याङ्कन गर्ने र सोही विद्यालयमा विज्ञ परीक्षक खटाई बाह्य परीक्षण गर्ने गरी दुई चरणमा यो परीक्षण सञ्चालन गरिने छ।**

२. **प्रधानाध्यापकले स्व-मूल्याङ्कन**का क्रममा आफ्नो वास्तविक अवस्थाको यकिन गर्नुपर्ने छ। स्वमूल्याङ्कनपश्चात् आफ्नो अवस्थालाई यकिन गरी सुधारका लागि अर्थपूर्ण आधार बनाउन यो कार्यको सम्पादन निकै जिम्मेवार, जवाफदेही र इमान्दार भई गरिनु आवश्यक छ।

३. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको आह्वानमा प्रअले स्वमूल्याङ्कन गर्दा तोकिएबमोजिम साधनको मुद्रित प्रतिका आधारमा वा प्रमाण सङ्कलन गरी अनलाइनमा विवरण प्रविष्टी गर्नुपर्ने छ।

४. साधनमा समावेश भएका हरेक सूचकका विषयमा प्रधानाध्यापकले आफूले गरेका कामको **प्रमाण** संलग्न गर्नुपर्ने छ। उदाहरणका लागि विद्यालय व्यवस्थापन समितिको सक्रियतासम्बन्धमा, यसको बैठक, छलफल र निर्णय भएका विषय, पूर्व निर्णयहरूको कार्यान्वयनसम्बन्धी विषय अध्ययन, समीक्षा गरी सोअनुसार श्रेणी/स्तर निर्धारण गर्नुपर्ने छ ।

५. **विद्यालयको आफ्नै पहलमा स्वमूल्याङ्कन गर्दा** साधनमा रहेका सूचकमा यथार्थ विवरण सङ्कलन गर्न विद्यालय व्यवस्थापन समितिको निर्णयबमोजिम विद्यालयमा सामूहिक संयन्त्र (जस्तै, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारी, प्रधानाध्यापक, शिक्षक बढीमा ३ जनासम्मको आन्तरिक समिति) गठन गरी विभिन्न चरणमा बैठक तथा छलफल गर्नु उचित हुन्छ। यसै गरी आवश्यक परेमा विव्यसले निर्णय गरी बाह्य विज्ञको सहायता पनि लिन सक्ने छ। त्यसरी सहायता लिने बाह्य विज्ञको योग्यता शैक्षिक गुणस्तर परीक्षण केन्द्रले तोकेझैं निर्धारण गर्न सकेमा कामको विश्वसनीयता सुनिश्चित गर्न मदत पुग्ने छ।

६. **परीक्षणपूर्व र परीक्षण कार्यको अन्तिममा बैठक र निर्णयः** प्रधानाध्यापकले गर्ने स्वःमूल्याङ्कन र शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट खटाइएका विज्ञले गर्ने बाह्य परीक्षणका क्रममा विद्यालयमा **परीक्षण सुरु गर्नु अघि** यसको साधन, प्रक्रिया, आवश्यक प्रमाणबारेमा छलफल गर्न **प्रारम्भिक बैठक** र **परीक्षण कार्यको अन्तिम चरणमा** विद्यालय व्यवस्थापन समिति र शिक्षक, सरोकारवालाको **समीक्षा बैठक** बसी परीक्षणको नतिजा, सुधार योजना वा प्रतिबद्धताका विषयमा छलफल गर्नुपर्ने छ।

७. **शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट हुने परीक्षणको प्रक्रियाः** शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रधानाध्यापकमार्फत् भएको स्वमूल्याङ्कनको नतिजा सङ्कलन गर्ने छ। स्वमूल्याङ्कनमा सहभागी भएका प्रधानाध्यापकले आफ्नो स्वमूल्याङ्कनको फाराम आफैं वा विद्यालयमा गठित संयन्त्रबाट परीक्षण गराई तोकिएबमोजिम अनलाइन प्रविष्टि गर्ने वा भरिएको मुद्रित प्रति शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा पेस गर्नुहुने छ। स्वमूल्याङ्कनबाट प्राप्त भएको नतिजाका आधारमा केन्द्रको स्वीकृत कार्यक्रमअनुसार नमुना छनोट गरी बाह्य विज्ञमार्फत् प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षण गरिने छ। यस क्रममा मुख्य गरी स्वमूल्याङकनलाई आधार लिइने छ, प्रमाणहरूको आवश्यक समीक्षा गरिने छ। अनुसूचीमा रहेका फारामहरू भर्नेभराउने, अवलोकन गर्ने, प्रमाणहरूको अध्ययन र अवलोकन गर्ने, सम्बन्धित व्यक्तिसँग अन्तरक्रिया गर्नेलगायत कार्य गरी सहभागितात्मक रूपमा परीक्षण कार्य गरिने छ। शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट हुने बाह्य परीक्षणमा परीक्षकले ३ प्रति फाराम भरी प्रमाणित गरेर १ प्रति फाराम सम्बन्धित विद्यालयमा, १ प्रति सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउने छन्। प्रमाणित १ प्रति फाराम शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा रहने छ।

८. सूचक ५९ देखि ६६ सम्म अनुसूचीमा रहेका सम्बन्धित फारामहरू प्रिन्ट गरी विद्यालयमा गठन गरिएको आन्तरिक समिति वा प्रअ आफैंले फाराम भर्नेभराउने र सोअनुसार विश्लेषण, अङ्कन, श्रेणी निर्धारण र सुधारका कार्य गर्न सकिने छ। केन्द्रबाट हुने बाह्य परीक्षणका क्रममा तोकिएका परीक्षकले यी फाराम अनिवार्य रुपमा भरीभराई अङ्कन र श्रेणी निर्धारण गर्नुपर्ने छ। यसै गरी फाराम ८ लाई परीक्षणका साथै दैनिक कार्यअभ्यासमा प्रयोगमा ल्याउन सकिने छ।

९. **स्थानीय तह वा प्रदेश तहबाट परीक्षण गर्न सकिनेः** स्थानीय तहले यो परीक्षण साधनलाई मातहतका विद्यालयका प्रधानाध्यापकको नेतृत्व परीक्षणका लागि आवश्यक भएमा अनुकूलनसमेत गरी प्रयोग गर्नसक्ने छन्। यसै गरी प्रदेश तहका शैक्षिक निकायहरूले पनि प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षण, क्षमता विकासलगायत कार्यमा यसलाई आधारका रूपमा लिनसक्ने छन्। यसरी साधन प्रयोग गरिएको विषयमा शैक्षिक गुणस्तर परीक्षणमा केन्द्रमा जानकारी गराउनुपर्ने छ।

परीक्षणको समग्र प्रक्रियालाई तलको आरेखमा प्रस्तुत गरिएको छ।

## परीक्षणपूर्वको चरण

**परीक्षण साधनको विकास**

- परीक्षण प्रारुप, मार्गदर्शन
- परीक्षण साधन

**विज्ञ परीक्षक छनोट**

- बाह्य परीक्षणका लागि कम्तीमा शिक्षाशास्त्रमा स्नातकोत्तर, कम्तीमा विश्वविद्यालयका उपप्राध्यापक वा सेवा निवृत्त राप द्वितीय श्रेणीको शिक्षा सेवाको कर्मचारी वा माथि द्वितीय श्रेणीबाट निवृत्त शिक्षक
- स्वमूल्याङ्कनका लागि प्रअ वा संयन्त्र तयारी

**क्षमता विकास र समन्वय**

- परीक्षकलाई तालिम तथा कार्यक्षेत्रको अभ्यास
- शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहसँग समन्वय
- बाह्य परीक्षणका लागि प्रअसँग अन्तरक्रिया, अभिमुखीकरण

## परीक्षणको चरण

**स्वमूल्याङ्कन**

- प्रअ/संयन्त्रबाट स्वमूल्याङ्कन
- तथ्याङ्क सङ्कलन तथा रुजु,
- स्वमूल्याङ्कन फाराम शैगुपकेमा पठाउने

**बाह्य परीक्षण**

- छनोट भएका विद्यालयलाई बाह्य परीक्षणको अभिमुखीकरण
- सरोकारवालासँग तथ्याङ्क तथा अभिलेख सङ्कलन,
- विद्यालयको अवलोकन,
- अन्तर्रक्रिया, तथ्याङ्कको सत्यापन
- परीक्षणको अनुगमन तथा सहजीकरण

**परीक्षणमा आधारित समीक्षा तथा साधन हस्तान्तरण**

- परीक्षकवाट परीक्षण कार्य रुजु
- अङ्कन, श्रेणी निर्धारण, परीक्षण साधन भरी प्रमाणीकरण
- परीक्षणका आधारमा समीक्षा, पृष्ठपोषण बैठक र साधन प्रअलाई हस्तान्तरण, १ प्रति स्थानीय तहमा हस्तान्तरण

## परीक्षणपछिको चरण

**तथ्याङ्क प्रविष्टि र विश्लेषण**

- प्रधानाध्यापक नेतृत्व परीक्षण साधनको तथ्याङ्क प्रविष्टि
- तथ्याङ्क विश्लेषण

**प्रतिवेदन तयारी**

**प्रतिवेदन सम्प्रेषण, बहस, छलफल**

### घ) परीक्षणले समेट्ने क्षेत्र, सूचक र स्तर निर्धारण

यस परीक्षणले समेट्ने विषयक्षेत्र, सूचक, तिनको अङ्कन तथा स्तर निर्धारण यसबमोजिम छः

**प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षणको क्षेत्र, सूचक सङ्ख्या**

| क्र.स. | परीक्षणका क्षेत्र | सूचक सङ्ख्या | कुल अङ्क |
|---|---|---|---|
| १ | योजना निर्माण र कार्यान्वयन | ८ | २६ |
| २ | शिक्षण सिकाइको नेतृत्व र व्यवस्थापन | ८ | २५ |
| ३ | सिकाइ वातावरण र सहजीकरण सिप | १० | ३० |
| ४ | विद्यालय सुशासन र वित्तीय व्यवस्थापन | ११ | ३४ |
| ५ | पेसागत सक्षमता तथा व्यवस्थापकीय सिप | ७ | २४ |
| ६ | विद्यार्थी सुविधा र सिकाइ प्रोत्साहन | ६ | १९ |
| ७ | विद्यार्थी सिकाइ परीक्षण र उपलब्धि | ८ | २५ |
| ८ | कार्यसम्पादनप्रति सरोकारवालाको मूल्याङ्कन | ८ | ३२ |
| **जम्मा** | | **६६** | **२१५** |

**प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादनको समग्र स्तर**

| क्र.स. | स्तर वा श्रेणी | स्तर निर्धारणका आधार | व्याख्या |
|---|---|---|---|
| १ | उत्कृष्ट (Excellent) | ९० % (प्राप्ताङ्क १९३.५ र सोभन्दा माथि) | ५ उत्कृष्ट |
| २ | धेरै राम्रो (Very Good) | ८० % देखि ९० % (प्राप्ताङ्क १७२-१९३.५ भन्दा कम) | ४ धेरै राम्रो |
| ३ | राम्रो (Good) | ६० % देखि ८० % (प्राप्ताङ्क १२९-१७२ भन्दा कम) | ३ राम्रो |
| ४ | सामान्य (Fair) | ४० % देखि ६० % (प्राप्ताङ्क ८६-१२९भन्दा कम) | २ सामान्य |
| ५ | कमजोर (Poor) | ४० % (प्राप्ताक ८६) भन्दा कम | १ कमजोर |

**नोटः प्रतिशत गणना गर्ने तरिका**

परीक्षणका ८ ओटा क्षेत्र र ६६ सूचकको जम्मा पूर्णाङ्क २१५ को गणना गर्दा प्रअले प्राप्त गरेको प्राप्ताङ्क प्रतिशत निकाल्ने सूत्रः प्रअले ८ क्षेत्रका ६६ सूचकमा पाएको कुल अङ्क/ (भाग) कुल पूर्णाङ्क (२१५) x (गुणन) १०० ।

$$\text{प्राप्ताङ्क प्रतिशत} = \frac{\text{प्रअले प्राप्त गरेको कुल अङ्क}}{\text{कुल पूर्णाङ्क (२१५)}} \times १००$$

**ङ) प्रअ नेतृत्व कार्यसम्पादन परीक्षणमा सरोकारवालाको जिम्मेवारी**

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि यो प्रधानाध्यापक नेतृत्व कार्यसम्पादन परीक्षण साधनको प्रभावकारी प्रयोग गराउने सन्दर्भमा सरकारका सबै तह र निकाय, विद्यालय, विभिन्न सङ्घ संस्था तथा सबै सरोकारवालाहरूले यसको प्रयोग र विद्यालय सुधारका लागि छलफलको आधार, औजारका रूपमा लिने विश्वास गरी सरोकारवालाको भूमिका, जिम्मेवारी रहने विश्वास गरिएको छ।

१. शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षणको ढाँचा, यसको प्रक्रिया र साधन विकास, अद्यावधिक गर्ने, विद्यालयलाई स्वमूल्याङ्कनका लागि आह्वान गर्ने, सो कार्यमा सहजीकरण गर्ने र स्वमूल्याङ्कन भई छनोटमा परेका विद्यालयमा विज्ञमार्फत् बाह्य परीक्षण कार्य गरी स्वमूल्याङ्कनको सत्यापन गर्ने र प्राप्त पृष्ठपोषणसहितको प्रतिवेदन तयारी गरी सम्बद्ध निकायमा सम्प्रेषण गर्ने, यसबारे बहस, छलफल र अन्तरक्रिया गर्ने छ।

२. प्रदेश तहमा शिक्षा हेर्ने सम्बद्ध निकायले प्रअको नेतृत्व कार्यसम्पादन परीक्षण, क्षमता विकासलगायत प्रयोजनका लागि आफ्नै पहलमा कार्य गर्ने, परीक्षणमा आवश्यक सहजीकरण गर्ने र प्राप्त पृष्ठपोषणका आधारमा कार्य गर्ने।

३. शिक्षा विकास तथा समन्वय इकाइले यस कार्यमा आवश्यक तथ्याङ्क उपलब्ध गराउने र सहजीकरण गर्ने।

४. स्थानीय तहले मातहतका विद्यालयमा केन्द्रबाट हुने परीक्षणमा यस साधनबमोजिम स्वमूल्याङ्कन गर्न लगाई सो कार्यको सत्यापन गर्ने र आवश्यक सहजीकरण र प्राप्त पृष्ठपोषणबमोजिम कार्य गर्ने तथा आफ्नै पहलमा परीक्षणका कार्यहरू गर्ने।

५. विद्यालयले केन्द्रबाट हुने परीक्षणमा सहभागी हुँदा वा आफ्नै पहलमा यस परीक्षण साधनको प्रयोग गरी प्रमाणहरूको सङ्कलन गर्ने र प्रधानाध्यापकको व्यवस्थापकीय तथा नेतृत्वदायी भूमिकाको समीक्षा गरी यथार्थ रुपमा विवरणहरू भर्ने, बाह्य परीक्षणमा सहभागी हुने, प्राप्त पृष्ठपोषणबमोजिम कार्य गर्ने। यसै गरी सम्बन्धित विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारी, अभिभावक, शिक्षक, विद्यार्थी यस स्वमूल्याङ्कन तथा बाह्य परीक्षणमा सक्रिय सहभागी हुने।

✍ यस परीक्षणका सम्बन्धमा कुनै थप जिज्ञासा भए performanceauditero@gmail.com मा वा ०१-६६३२११६ मार्फत् जानकारी लिन सकिने छ।

## १. विद्यालय तथा प्रधानाध्यापकको आधारभूत विवरण

प्रधानाध्यापकको नामः

लैङ्गिकताः उमेर (वर्षमा):

स्थायी ठेगानाः

हालको बसोबासः

सम्पर्क नम्बरः इमेलः

माथिल्लो शैक्षिक योग्यता :

मूल विषय : जम्मा शिक्षण अनुभव वर्ष :

प्रधानाध्यापकको अनुभव वर्ष : यस विद्यालयमा प्रधानाध्यापक भएको वर्ष :

प्रधानाध्यापकले पठनपाठन गर्ने कक्षा र विषय क्रमश :

कक्षाः विषयः कक्षाः विषयः

कक्षाः विषयः कक्षाः विषयः

कक्षाः विषयः

विद्यालयको नामः

विद्यालयको IEMIS कोडः

विद्यालयको पूरा ठेगाना : प्रदेशः

जिल्लाः

स्थानीय तहः गापा/.......................नपा

वडा नं. टोलः

विद्यालयको सम्पर्क नम्बरः

इमेलः

वेबसाइटः

सामाजिक सञ्जाल (फेसबुक पेज तथा अन्य):

हाल सञ्चालित तह/कक्षाः

विद्यालय स्थापना भएको मितिः

विद्यालय स्थापना हुँदाको तहः

**प्रधानाध्यापकको पेसागत विवरण**

**पदः स्थायी ☐ अस्थायी ☐ अन्य भए...................**

नियुक्ति भएको तहः स्थायी भए श्रेणीः तृतीय ☐ द्वितीय ☐ प्रथम ☐

हालको तह : श्रेणीः

यो विद्यालयमा सरुवा भई आएको भए सरुवा भएको मितिः

## २. प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षणका सूचक, विधि तथा प्रक्रिया र अङ्कनका आधार

**तल दिइएका सूचकअन्तर्गत पुष्ट्याइँका आधार वा प्रमाण अध्ययन, अवलोकन गर्नुहोस्। सम्बन्धित व्यक्तिसँग अन्तरक्रिया, छलफल गरी ती विषय छन् भने ठिक चिह्न ☑ लगाउनुहोस्। आवश्यक विवरण भर्नुहोस्। कार्यसम्पादनको अवस्थाको उपयुक्त विकल्पमध्ये कुनै एकमात्रमा ठिक चिनो लगाउनुहोस्।**

| क.स. | सूचक | विधि, प्रक्रिया, पुष्ट्याइँका आधार तथा प्रमाण | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| **(क) योजना निर्माण र कार्यान्वयन** | | | |
| १. | विद्यालय सुधार योजना निर्माण (अद्यावधिकसमेत) | विद्यालय सुधार योजना [विसुयो] (School Improvement Plan, SIP) अध्ययन गर्ने, प्रधानाध्यापक [प्रअ] तथा विद्यालय व्यवस्थापन समिति [विव्यस]का प्रतिनिधिसँग सोधपुछ गर्ने र प्रक्रियागत प्रमाणहरू (विव्यसको निर्णय, विसुयो निर्माण कार्यशालाको अभिलेख) हेर्ने नमुना विद्यालय भए गुरुयोजनामा एकीकृत गरिएको भए पनि मान्ने)<br>विसुयोको ढाँचा, विषयक्षेत्रको समावेश, तथ्याङ्कीय आधार, समस्या पहिचान, दूरदृष्टि लक्ष्य, प्राथमिकता, ५ वर्षको कार्ययोजना हेर्नुहोस्।<br>*तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ विद्यालय सुधार योजना छ।<br>☐ विसुयो विव्यसबाट स्वीकृत गरिएको छ। मितिः ..........<br>☐ छैन भने कारण.............................<br>☐ तोकिएका **<u>विषयक्षेत्र</u>** समावेश गरिएको छ।<br>☐ विसुयो सहभागितात्मक रूपमा निर्माण भएको छ। | ० विसुयो नबनेको, वा ५ वर्षभन्दा अगाडिमात्र बनेको<br>१ विद्यालय सुधार योजना निर्माणका लागि विव्यसको बैठकमा निर्णय भई कार्यदल गठन भएको र कार्यशाला आयोजना भई प्रक्रियामा रहेको<br>२ आधार १ पूरा भई विद्यालयले पञ्चवर्षीय योजना निर्माणको समयमा कम्तीमा विद्यालयस्तरीय २ दिने योजना निर्माण कार्यशाला आयोजना गरी विसुयो तयार भएको, मूलभूत विषयक्षेत्र समावेश भएको<br>३ आधार १ र २ पूरा भई अभिभावक तथा सरोकारवालासमेतको सहभागितामा कार्यशालामार्फत योजनाको अन्तिम मस्यौदा तयार गरेको, योजनाको लेखाजोखा गरिएको, तोकिएका सबै ***विषयक्षेत्र*** समेटिएको र विव्यसले स्वीकृत गरी स्थानीय तहमा पेस गरेको प्रमाण, विद्यालयमा सबैको पहुँचमा उपलब्ध भएको<br>(**<u>विसुयोका विषयक्षेत्रः</u>** भौतिक पूर्वाधार विकास, शिक्षकको पेसागत विकास, पाठ्यक्रम र मूल्याङ्कन, समता र समावेशीकरण, गुणस्तरीय सिकाइ व्यवस्थापन, जलवायु परिवर्तन-हरित विद्यालय-विपद्, सुशासन, विद्यार्थी सहयोग, संस्थागत क्षमता विकास... अन्य सान्दर्भिक विषय) |
| २. | विद्यालय सुधार योजनाको कार्यान्वयन | विसुयो र वार्षिक कार्यान्वयन योजनाहरू हेर्ने,<br>विद्यालय सुधार योजनालाई विद्यालय गुरुयोजनामा राम्ररी एकीकृत गरिएको भए पनि मान्ने, बजेट मागका पत्र, निर्णय | ० वार्षिक कार्यान्वयन योजना नभएको<br>१ विद्यालय सुधार योजना निर्माण भई वार्षिक रूपमा कार्यान्वयन योजना अद्यावधिक गरिएको र क्रियाकलापको प्राथमिकता तोकिएको |

| क्र.स. | सूचक | विधि, प्रक्रिया, पुष्ट्याइँका आधार तथा प्रमाण | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| | | विव्यसको बैठक निर्णय (ठुलो बजेट आवश्यक नपर्ने आफैं कार्यान्वयन गर्न सकिने कार्यक्रमलाई प्राथमिकता दिने)<br>*तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ विसुयो कार्यान्वयनको वार्षिक योजना छ।<br>☐ विसुयो कार्यान्वन हुँदै छ।<br>☐ कार्यान्वयनको समीक्षा भई विसुयो सुधार गरिएको छ।<br>☐ स्रोत पहिचान र परिचालनका कार्य भएको छ।<br>☐ योजना कार्यान्वयनको सकारात्मक प्रभाव परेको छ। | २ विद्यालय सुधार योजनाका क्रियाकलापको कार्यान्वयनको प्रगति समीक्षा सहभागितात्मक रुपमा गरेको<br>३ विद्यालय सुधार योजनाअनुसारका क्रियाकलापको कार्यान्वयन र अनुगमन विव्यसबाट गराई लक्ष्य र उद्देश्यसमेत आवश्यक परिमार्जन गरिएको र विभिन्न निकायमा सोहीअनुसार बजेट माग गर्नेसमेत गर्ने तथा आफैं कार्यान्वयन गर्न सकिने कार्यक्रमलाई प्राथमिकता दिने गरेको, योजना कार्यान्वयनको सकारात्मक प्रभाव परेको |
| ३. | सह/अतिरिक्त क्रियाकलापको योजना निर्माण र कार्यान्वयन | योजना तथा अभिलेख र प्रमाणहरू अध्ययन गर्ने<br>*तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ सह/अतिरिक्त क्रियाकलाप वार्षिक कार्यतालिका वा पात्रोमा समावेश भएको<br>☐ सह/अतिरिक्त क्रियाकलापको छुट्टै योजना रहेको<br>☐ योजनाअनुसार कार्यान्वयन भएको<br>☐ सह/अतिरिक्त क्रियाकलापको संयोजक तोकिएको<br>☐ सह/अतिरिक्त क्रियाकलापका लागि समिति गठन गरिएको<br>☐ विद्यार्थीका विभिन्न सदनको व्यवस्था भई सक्रियता रहेको<br>☐ बालक्लब गठन गरी कार्य गरिएको<br>☐ जुनियर रेडक्रस गठन भई सक्रिय रहेको<br>☐ स्काउट समूह र गतिविधि भएको<br>☐ शैक्षिक सत्रमा ...पटक प्रतियोगितात्मक सह/अतिरिक्त क्रियाकलाप आयोजना गरेको | ० वार्षिक कार्यतालिकामा समावेश नभएको र क्रियाकलाप पनि नगरेको<br>१ वार्षिक कार्यतालिकामा समावेश भएको तर सोअनुसार कार्यान्वयन नभएको, तोकिएका मध्ये ५०% मात्र क्रियाकलाप भएको<br>२ वार्षिक कार्यतालिकामा समावेश गरेअनुसार सह/अतिरिक्त क्रियाकलाप भएको र सोको संयोजक तोकिएको र कार्यविवरण दिइएको, कार्यक्रम कार्यान्वयन भएको<br>३ आधार २ पूरा भई सह/अतिरिक्त क्रियाकलापको अलग्गै समिति गठन गरी कार्यविवरण र योजना निर्माण (तहगत क्रियाकलाप) र सोअनुसारको कार्यान्वयन भएको |

| क.स. | सूचक | विधि, प्रक्रिया, पुष्ट्याइँका आधार तथा प्रमाण | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| | | ☐ शैक्षिक सत्रभित्र स्थानीय/प्रदेश/राष्ट्रिय स्तरमा प्रतियोगितामा भाग लिएको<br>☐ अन्य भए, ........................ | |
| ४. | विपद् व्यवस्थापन पूर्वतयारी र योजना | विसुयो वा अलग योजनासमावेश भए नभएको अध्ययन गर्ने, कार्य अभिलेख हेर्ने, अन्तरवार्ता<br>*तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ विसुयोमा विपद्को योजना समावेश गरिएको<br>☐ विपद्सम्बन्धी बेग्लै योजना रहेको<br>☐ योजनामा विपद् पूर्वतयारी तथा प्रतिकार्य समावेश भएको<br>☐ बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिबमोजिम जिम्मेवारी तोकिएको<br>☐ विद्यालयमा जानकारीमूलक पाटी, पोस्टर रहेको, टाँसिएको<br>☐ कृतिम घटना अभ्यास/पूर्वअभ्यास गरिएको<br>☐ विपद्बारे सचेतना, अन्तरक्रिया भएको<br>☐ स्थान विशेषका विपद्को पहिचान गरिएको<br>☐ विपद्को समयमा सिकाइ निरन्तरताको विषय समावेश भएको<br>☐ अन्य कार्यः ...................<br>☐ पूर्वअभ्यास तालिम प्रदायक व्यक्ति/पद .......... | ० विद्यालय सुधार योजनामा समावेश नभएको वा यससम्बन्धी अलग योजना नभएको<br>१ विद्यालय सुधार योजनामा विपद् व्यवस्थापनका सामान्य कार्यक्रम समावेश गरेको<br>२ विपद् जोखिम क्षेत्रको नक्साङ्कन र सुरक्षित क्षेत्र र बर्हिगमनका मार्गहरूसहितको विद्यालयको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी विद्यालय सुधार योजनामा समावेश गरेको वा/विपद् जोखिम व्यवस्थापन/न्यूनीकरण गरी विस्तृत योजना बनाएको<br>३ विपद् जोखिम क्षेत्रको नक्साङ्कन र सुरक्षित क्षेत्र र बर्हिगमनका मार्गहरू सहितको प्रदर्शन गरिएको, पूर्वतयारी र प्रतिकार्य अभ्यासहरू गराएको (प्रकोपबाट बच्ने ज्ञान, सिप तथा मनोसामाजिक परामर्शसहितको विपद् परिदृश्य तयार गरी कृतिम घटना अभ्यास गराउने गरेको एवम् विपद् जोखिम न्यूनीकरणका पूर्वतयारीका ड्रिलसमेत)<br>४ विद्यालय परिवार, अभिभावक, विद्यार्थी र समुदायबिच विपद् पूर्व तयारी तथा प्रतिकार्यबारे अन्तरक्रिया सञ्चालन गर्ने गरेको जस्तैः विद्यालयको जोखिमअनुसार सचेतनाका कक्षाहरू नियमित रुपमा सञ्चालन हुने गरेको (जस्तैः भूकम्प, आगलागी, शितलहर, लु, डुबान, बाढीपहिरोलगायतका भौगोलिक तथा क्षेत्र विशेषमा हुनसक्ने) र अभिलेखसमेत राख्ने गरेको । साथै विपद्को समयमा वैकल्पिक तथा सिकाइ निरन्तरताका क्रियाकलाप उल्लेख भएको |

| क.स. | सूचक | विधि, प्रक्रिया, पुष्ट्याइँका आधार तथा प्रमाण | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| ५. | शैक्षिक प्रशासन र व्यवस्थापनका लागि कार्यविधि, निर्देशिका निर्माण र कार्यान्वयन | दस्तावेज हेर्ने, अन्य निकाय वा विद्यालयले बनाएका कार्यविधिहरू भए विव्यसले निर्णय गरी कार्यान्वयनमा ल्याएको भए पनि मान्यता दिने, स्टाफ बैठकबाट निर्णय भई कार्यान्वयन भए पनि मान्य हुने)<br>*तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ दिवाखाजा र पोषण (विद्यालयले आफ्नो परिवेश र सन्दर्भमा बनाएको) कार्यविधि ...मितिः...............................<br>☐ सह तथा अतिरिक्त क्रियाकलाप<br>☐ आन्तरिक मूल्याङ्कन<br>☐ प्रयोगात्मक र परियोजना कार्य<br>☐ गुनासो सुनुवाइ तथा उजुरी<br>☐ शिक्षक कर्मचारी व्यवस्थापन, सुविधा<br>☐ शिक्षक तथा विद्यार्थी आचारसंहिता<br>☐ अतिरिक्त कक्षा (खाली कक्षा, ट्युसन, कोचिङ आदि)<br>☐ आवश्यकताका आधारमा अतिरिक्त कक्षा सञ्चालनसम्बन्धी<br>☐ बाल अधिकार/संरक्षण<br>☐ अन्य........................... | ० विद्यालयले आफ्नो आवश्यकताअनुरुप प्रयोग गर्ने गरी विव्यसले निर्णय गरी कुनै पनि कार्यविधि, विनियम तथा निर्देशिका निर्माण र कार्यान्वयन नभएको<br>१ कुनै २ वटा भएको र विव्यसबाट निर्णय वा अनुमोदन भई कार्यान्वयन भएको<br>२ कुनै ४ वटा भएको र विव्यसबाट निर्णय वा अनुमोदन भई कार्यान्वयन भएको<br>३ कुनै ६ वा सोभन्दा बढी भएको र विव्यसबाट निर्णय वा अनुमोदन भई कार्यान्वयन भएको |
| ६. | वार्षिक कार्यतालिका/ कार्यपात्रो | विद्यालयको वार्षिक कार्यतालिका अवलोकन गर्ने, कार्यतालिकामा समावेश भएको, कुनै दुई ओटा क्रियाकलापको अभिलेख अध्ययन गर्ने, यसको कार्य प्रगति अभिलेख हेर्ने<br>*तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ स्थानीय तहको वार्षिक कार्यतालिका/कार्यपात्रो<br>☐ विद्यालयको वार्षिक कार्यतालिका/कार्यपात्रो | १ विद्यालयको वार्षिक कार्यतालिका निर्माण भई कार्यान्वयनमा रहेको (विद्यालय वा स्थानीय तहको)<br>२ विद्यालयमा वार्षिक कार्यतालिका स्थानीय तहका साथै विद्यालयले पनि निर्माण गरी सबैको पहुँचमा राखिएको र सोहीअनुसार कार्यान्वयन भएको<br>३ आधार २ पूरा गरी कम्तीमा विद्यालयको पठनपाठन हुने दिन, परीक्षा हुने दिन, र सह तथा अतिरिक्त क्रियाकलाप, स्टाफ बैठक, वार्षिकोत्सव, |

| क.स. | सूचक | विधि, प्रक्रिया, पुष्ट्याइँका आधार तथा प्रमाण | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| | | ☐ कार्यान्वयन अवस्थाः ........................... .................................................... | सामाजिक परीक्षण, अभिभावक भेला, नतिजा विश्लेषण, अभिभावकसँगको अन्तरक्रिया जस्ता मुख्य क्रियाकलापको विवरण खुल्ने गरी विद्यालयका अन्य गतिविधिहरू समावेश भई स्वीकृत गरी कार्यान्वयन गरेको र सोको अभिलेखसमेत रहेको |
| ७. | वार्षिक शैक्षणिक योजना निर्माण र कार्यान्वयनमा प्रअको भूमिका | विद्यालयका सबै शिक्षकको शैक्षणिक योजना अध्ययन अवलोकन गरी छलफल गर्ने<br>*तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ विद्यालयका जम्मा शिक्षक सङ्ख्याः ...... र विषयगत शैक्षणिक योजना निर्माण गरेका शिक्षकको सङ्ख्याः ....., योजना निर्माण गर्ने शिक्षक प्रतिशतः ........<br>☐ कार्यान्वयन अवस्थाः ............................ ............................................................ | ० वार्षिक शैक्षणिक योजना नबनाएको<br>१ विद्यालयका शिक्षकमध्ये केही (२५ प्रतिशतसम्म)ले आफूले शिक्षण गर्ने विषय र कक्षाको वार्षिक शैक्षणिक योजना निर्माण गरी प्रअ/विषय समितिबाट स्वीकृत भएको वा नभई कार्यान्वयनमा रहेको<br>२ विद्यालयका जम्मा शिक्षकमध्ये ५० प्रतिशतभन्दा बढीले आफूले शिक्षण गर्ने विषय र कक्षाको वार्षिक शैक्षणिक योजना निर्माण गराई प्रअबाट स्वीकृत गराएको र कार्यान्वयनमा रहेको<br>३ सबै शिक्षकले आफूले शिक्षण गर्ने विषय र कक्षाको वार्षिक शैक्षणिक योजना निर्माण गराई प्रअबाट स्वीकृत गराएको र कार्यान्वयनमा रहेको, सोको समीक्षासमेत हुने गरेको |
| ८. | हरित विद्यालयसम्बन्धी योजना र कार्यान्वयन | अवलोकन, योजनाको दस्तावेज, संयोजक/फोकल व्यक्ति, अनुगमन, विद्यार्थी सहभागिता, हरित विद्यालय व्यवस्थापन समिति वा विव्यसको निर्णयअनुसार जिम्मेवारी तोकिएको तथा कार्यक्रम कार्यान्वयन तथा निर्देशिकासम्बन्धी जानकारी भए नभएको सुनिश्चित गर्ने<br>*तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ हरित विद्यालय/जलवायुसम्बन्धीः निर्णय वा योजना वा विसुयोमा समावेश भएको<br>☐ गमलामात्रको व्यवस्था, भित्री र बाहिरी सजावट भएको | ० यससम्बन्धी कुनै क्रियाकलाप नभएको वा अभिलेख नपाइएको<br>१ विद्यालयको हाताभित्र कम्तीमा एउटा फूलबारी, बिरुवा वा हरियाली कुना बनाई हेरचाह गरिएको वा विद्यालयमा हाताभित्र वा खाली ठाउँको अभावमा गमला तथा कौसी तथा भवनका कुनै पनि स्थानमासमेत बिरुवा तथा फूलहरू लगाई हेरचाह गरिएको र फोकल व्यक्ति तोकिएको<br>२ आधार १ पूरा भई विद्यालयको हाताभित्र हरियाली क्षेत्र विकास गरी विद्यार्थीको सहभागिता सुनिश्चित गर्न जिम्मेवारी तोकिएको ।<br>३ आधार २ सहित इको क्लब, दिगो विकास, वातावरण संरक्षण र यससम्बन्धी ज्ञान र सचेतनाका लागि कार्य गरेको जस्तै जलवायु, |

| क.स. | सूचक | विधि, प्रक्रिया, पुष्ट्याइँका आधार तथा प्रमाण | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| | | ☐ फूलबारी व्यवस्था भएको<br>☐ चौतारी, शीतल व्यवस्था गरिएको<br>☐ फलफूलका बिरुवा वा बगैंचा रहेको<br>☐ स्थान विशेष जडिबुटी रोपिएको<br>☐ करेसाबारी, फूल वा तरकारी रहेको<br>☐ विद्यालयको हाताको अवस्था र क्षेत्रफल तथा विद्यालयको जग्गा उपयोग ......... ........ ....... ........ ........<br>☐ अन्य संरचनाः ..................<br>☐ इको क्लब [Eco-Club] गठन र परिचालनः मितिः .........<br>☐ पुस्तकालयमा सम्बन्धित सिकाइ सामग्री रहेको<br>☐ सम्बद्ध शैक्षिक सामग्री निर्माण र प्रयोग भएको<br>☐ नवीकरणीय ऊर्जा (सौर्य ऊर्जा, वायु ..) को प्रयोग भएको<br>☐ जलवायु, वातावरण, हरियाली विषयमा सचेतना कार्यक्रम, वृक्षरोपण<br>☐ जलवायु, वातावरण, हरियाली विषयमा अध्ययन, खोजी र सिकाइसँगको एकीकरण<br>☐ हरित सिकाइ, जलवायु परिवर्तन, वातावरण संरक्षण, दिगो विकाससम्बन्धी विद्यार्थी परियोजना कार्य<br>☐ यस विषयसम्बन्धी अतिरिक्त क्रियाकलाप (जस्तैः निबन्ध लेखन, वादविवाद, वक्तृता, चित्रकला)<br>☐ अन्य क्रियाकलाप गरिएको भए : ................................<br>.....................................................................<br>..................................................................... | वातावरण, हरियाली विषयमा सचेतना कार्यक्रम, वृक्षरोपण, हरियाली विषयमा अध्ययन, खोजी र सिकाइ एकीकरण,<br>४ हरित सिकाइ, जलवायु परिवर्तन, वातावरण संरक्षण, दिगो विकास सम्बन्धी विद्यार्थी परियोजना कार्य तथा अतिरिक्त क्रियाकलाप (निबन्ध, वादविवाद, वक्तृता, चित्रकला), सामग्री प्रयोग, नवीकरणीय ऊर्जा, थप संरचना निर्माण भएको, समुदायमा यससम्बन्धी क्रियाकलाप सञ्चालन गरेको। |

| क.स. | सूचक | विधि, प्रक्रिया, पुष्ट्याइँका आधार तथा प्रमाण | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| **(ख) शिक्षण सिकाइको नेतृत्व र व्यवस्थापन** | | | |
| ९. | दैनिक कार्यतालिका निर्माण र कार्यान्वयन | विद्यालयको दैनिक कार्यतालिका अवलोकन गर्ने<br>प्रयोगात्मक कक्षाको समेत दैनिक कार्यतालिका हुनुपर्ने<br>(टिपोटः पाठ्यक्रमले निर्धारण गरेको पाठ्यभार/पाठ्यघण्टाअनुसार प्रयोगात्मक कक्षासमेत मिलान भए/नभएको हेर्ने।)<br>*तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ विद्यालयको दैनिक कार्यतालिका, स्वीकृत मितिः ............<br>☐ पाठ्यभार/पाठ्यघण्टाअनुसार दैनिक कार्यतालिका<br>☐ प्रयोगात्मक कक्षासमेत मिलान भएको दैनिक कार्यतालिका<br>☐ रिक्त कक्षा व्यवस्थापनको वैकल्पिक योजना | ० दैनिक कार्यतालिका नभएको<br>१ दैनिक कार्यतालिका प्रअबाट स्वीकृत भई कार्यान्वयन भएको<br>२ पाठ्यभारअनुसारको दैनिक कार्यतालिका निर्माणका लागि सबै शिक्षकको सहभागितामा स्टाफ बैठकमा निर्णय भई पाठ्यभार/पाठ्यघण्टा अनुसारको दैनिक कार्यतालिका वैशाखको १५ गतेभित्र निर्माण गरी कार्यान्वयनमा रहेको<br>३ आधार २ पूरा गरी रिक्त कक्षा व्यवस्थापनको समेत योजना रहेको, दैनिक कार्यतालिकामा विज्ञान, कम्प्युटर आदिको प्रयोगात्मक कक्षा र पुस्तकालय प्रयोगसमेत उल्लेख भएको |
| १०. | विद्यालयमा तहगत र विषयगत पाठ्यक्रमको उपलब्धता र प्रयोग | (प्रअ तथा शिक्षकसँग सोधपुछ, दस्तावेज, डाउनलोड भएको हेरी यकिन गर्ने )<br>*तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ कक्षा १ देखि ३ को पाठ्यक्रम<br>☐ कक्षा ४ र ५ को पाठ्यक्रम<br>☐ कक्षा ६ देखि ८ को पाठ्यक्रम<br>☐ कक्षा ९ र १० को पाठ्यक्रम (ऐच्छिकसमेत)<br>☐ कक्षा ११ र १२ को पाठ्यक्रम (ऐच्छिकसमेत)<br>☐ स्थानीय पाठ्यक्रमको उपलब्ध छ।<br>☐ स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक/सामग्री रहेको<br>☐ शिक्षण सिकाइमा पाठ्यक्रमको प्रयोग भएको | ० विद्यालयका कुनै पनि वा केही तह र विषयको पाठ्यक्रम उपलब्ध नभएको<br>१ विद्यालयको तहअनुसार सबै पाठ्यक्रमको उपलब्धता भएको<br>२ विद्यालयमा पठनपाठन हुने सबै तहका र ऐच्छिक विषय तथा स्थानीय पाठ्यक्रम समेतको उपलब्धता र प्रयोगका सम्बन्धमा प्रअले गरेको काम तथा दिएको कुनै निर्देशनको अभिलेख तथा शिक्षक बैठकसमेतमा निर्णय र छलफल भएको<br>३ आधार २ सहित प्रअ आफैंले र अन्य शिक्षकले पाठ्यक्रमको प्रयोग गरी बनाएका पाठ योजना, शैक्षणिक योजना, सामग्रीलगायतका अभिलेख भएको |

| क.स. | सूचक | विधि, प्रक्रिया, पुष्ट्याइँका आधार तथा प्रमाण | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| | | (विद्युतीय प्रतिको हकमा प्रअले आफ्नो कम्प्युटरमा डाउनलोड गरी तहगत रुपमा मिलाई राखेको, कुनै पनि शिक्षकलाई प्रअले सहजै उपलब्ध गराउन सक्ने अवस्था) | |
| ११. | पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन लागि प्रबोधीकरण | अन्तरक्रिया र अभिलेख अध्ययन<br>*तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ शैक्षिक सत्रको सुरुआतमा प्रबोधीकरण भएको<br>☐ विद्यालयमा विषयगत पाठ्यक्रमको प्रबोधीकरण<br>☐ अन्य निकायबाट भएको प्रबोधीकरणमा सहभागिता<br>☐ शिक्षकको विषयगत समितिमा छलफल<br>☐ प्रअबाट प्रबोधीकरणमा सहजीकरण<br>☐ बाह्य विज्ञबाट सहजीकरण | ० विद्यालयमा पाठ्यक्रम प्रबोधीकरणका कुनै क्रियाकलाप नभएको<br>१ पाठ्यक्रमको प्रबोधीकरणको तथा कार्यान्वयनका लागि विद्यालयमा छलफल तथा अन्तरक्रिया गरे/गराएको<br>२ पाठ्यक्रमको प्रबोधीकरणको तथा कार्यान्वयनका लागि कुनै शिक्षकलाई अन्यत्र निकायले आयोजना गरेको कार्यक्रममा सहभागी गराई उक्त शिक्षकमार्फत विद्यालयमा छलफल तथा अन्तरक्रिया गरे/गराएको<br>३ पाठ्यक्रमको प्रबोधीकरण तथा कार्यान्वयनका लागि स्टाफ बैठक/विषयगत समितिमा वा बाह्य विज्ञमार्फत् सहजीकरण भएको |
| १२. | पाठ्यक्रमको कार्यान्वयनका सन्दर्भमा समुदाय एवम् अभिभावकसँग सहकार्य | योजना, कार्यतालिका, सञ्चार, समन्वय, सम्पर्क, विद्यार्थीको परियोजना कार्य, शिक्षण सिकाइ सामग्री सहायता, सामुदायिक विज्ञसँग अन्तरक्रिया छलफल लगायतका कार्यसम्बन्धी अभिलेख हेर्ने, स्थानीय पाठ्यक्रमसमेत ।<br>*तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ स्थानीय विज्ञ आमन्त्रण गरी कक्षा सहजीकरण भएको<br>☐ विद्यार्थी शिक्षकको स्थानीय भ्रमण गरिएको<br>☐ परियोजना कार्यमा समुदाय सहभागी भएको<br>☐ स्थानीय सन्दर्भ सामग्री विकासमा समुदायको सहभागिता<br>☐ समुदायका जानकारबाट विषय सहजीकरणको योजना वा कार्य भएको<br>☐ पाठ्यक्रम कार्यान्वयनमा अभिभावक तथा विद्यार्थीको सुझाब लिएको | ० यससम्बन्धी कुनै पनि गतिविधि नभएको<br>१ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अभिभावक तथा समुदायबाट लिन सकिने सहयोग र सहकार्यका क्षेत्रहरू पहिचान गरी सोसम्बन्धी जानकारी गराएको<br>२ पाठ्यक्रमअनुसार समुदाय एवम् अभिभावकसँग सिकाइ साझेदारीको योजना निर्माण गरेको र शिक्षक अभिभावक सङ्घ/समुदायसँग सहकार्यको क्षेत्र पहिचान गरेको<br>३ आधार २ को योजनाअनुसार समुदायका स्रोतव्यक्ति, विज्ञलाई शिक्षण कार्यमा आमन्त्रण गर्ने गरी सिकाइ सहजीकरणमा सहभागी गराएको |

| क.स. | सूचक | विधि, प्रक्रिया, पुष्ट्याइँका आधार तथा प्रमाण | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| १३. | शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोगमा प्रअको भूमिका | सोधपुछ तथा दस्तावेज अवलोकन, शिक्षक बैठक अभिलेख, शैक्षणिक योजना र सामग्री<br>हाल पाठ्यक्रम विकास केन्द्र(पाविके) को वेबपेजमा उपलब्ध भएका कक्षा तथा विषयगत शिक्षक निर्देशिकाको सूची लिएर रुजु गर्ने<br>*तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ उपलब्ध शिक्षक निर्देशिकाको सङ्ख्याः ..............<br>☐ उपलब्ध नभएका निर्देशिकाः ...........................<br>..................................................................<br>☐ निर्देशिकाको नियमित अध्ययन र प्रयोग भएको<br>☐ विद्यालयको सबै कक्षाका सबै पाठ्यपुस्तक पाविकेबाट विकास गरिएको<br>☐ पाविकेबाट स्वीकृत विभिन्न सन्दर्भ सामग्रीहरू विद्यालयमा प्रयोगमा रहेको<br>(सफ्ट/विद्युतीय कपी डाउनलोड गरी व्यवस्थित गरिएको र सबै शिक्षकलाई सहजै उपलब्ध हुने भएमा मान्ने, प्रत्येक कक्षाका सम्बन्धित विषयका शिक्षकलाई सोध्ने) | ० शिक्षक निर्देशिकाको उपलब्धता सहज नभएको<br>१ पाठ्यक्रम विकास केन्द्रबाट विकास भएका शिक्षक निर्देशिकाको उपलब्धता भएको र प्रअले निर्देशिका कार्यान्वयनको अनुगमन गर्ने गरेको<br>२ विद्यालयमा पठनपाठन हुने सबै तहका शिक्षक निर्देशिका तथा अन्य सन्दर्भसामग्रीको प्रयोगका सम्बन्धमा शिक्षक बैठकमा छलफल तथा निर्णय हुने गरेको<br>३ विद्यालयमा पठनपाठन हुने विषयका तथा शिक्षक निर्देशिका प्रयोगका सम्बन्धमा प्रअले गरेको काम र बैठकमा भएको निर्णयको कार्यान्वयन<br>४ आधार ३ सहित प्रअले आफूले शिक्षण गर्ने विषयको शिक्षक निर्देशिकाको प्रयोग गरेको सम्बन्धमा बनाएका पाठ योजना, शैक्षणिक योजना, सामग्री लगायतका अभिलेख भएको |
| १४. | सिकाइ सहयोगी/सन्दर्भ सामग्रीको निर्माण र प्रयोग (प्रअको भूमिका) | विद्यालयमा शिक्षक, विद्यार्थीबाट निर्मित अध्ययन सामग्रीको सूची, (विद्यालयले आफ्नो आवश्यकताबमोजिम तयार गरेको विशिष्ट प्रकारको सामग्री, शैक्षिक प्रदर्शनी वा शैक्षिक मेलाको आयोजना आदि)<br>*तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ शैक्षिक प्रदर्शनी वा मेलाका सामग्री | ० विद्यालय स्तरमा कुनै पनि सामग्री विकास नभएको<br>१ विद्यालयमा कुनै एक तहका लागि वा एकीकृत रुपमा कुनै १ सामग्री तयार भई र प्रयोगमा रहेको<br>२ विद्यालयमा सबै तहका लागि कम्तीमा एक/एक ओटा वा साझा सिकाइ सामग्री तयार भई प्रयोगमा रहेको<br>३ सबै तहमा विषयगत वा एकीकृत सिकाइ सहयोगी सामग्री तयार भई |

| क.स. | सूचक | विधि, प्रक्रिया, पुष्ट्याइँका आधार तथा प्रमाण | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| | | ☐ विद्यालयमा निर्मित अध्ययन सामग्री<br>☐ प्रयोगात्मक कार्यका लागि विद्यालयमा निर्मित अध्ययन सामग्री<br>☐ स्थानीय पाठ्यक्रम/विषयवस्तुको कार्यान्वयनका लागि विद्यालयमा विकसित सामग्री<br>☐ विविधतामा ध्यानमा राखी अनुकूलन गरिएको अध्ययन सामग्री<br>☐ अन्यः ........................ | प्रयोगमा रहेको (शिक्षक र विद्यार्थी दुवैका लागि) वा विद्यालयको सामूहिक प्रयासमा शैक्षिक प्रदर्शनी/शैक्षिक मेलाको आयोजना गरी शिक्षक, विद्यार्थी, अभिभावकबाट निर्मित सिकाइ सामग्री प्रदर्शन गर्ने, विभिन्न प्रयोगात्मक क्रियाकलाप हुने गरेको |
| १५. | शैक्षिक सामग्री, सङ्कलन निर्माण र प्रयोग (प्रअको भूमिका) | सङ्कलित सामग्री, निर्माण गरिएका सामग्री र खरिद गरिएका सामग्री, कक्षामा शैक्षिक सामग्री प्रयोगको अवस्था सुनिश्चितताका लागि शैक्षणिक योजनामा उल्लेख भए नभएको हेर्ने, कक्षा अवलोकन गर्ने ।<br>*तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस् ।*<br>☐ शिक्षक निर्मित सामग्री<br>☐ विद्यार्थी निर्मित सामग्री<br>☐ स्थानीय स्तरमा सङ्कलित सामग्री<br>☐ खरिद गरिएका सामग्री<br>☐ सान्दर्भिक खरिद गर्ने सामग्री सूचीको स्वीकृति | ० स्थानीय सामग्रीको सङ्कलन तथा शिक्षक/विद्यार्थी निर्मित सामाग्रीको उपलब्धता नभएको वा खरिद नभएको<br>१ स्थानीय सामग्रीको सङ्कलन तथा शिक्षक/विद्यार्थी निर्मित सामग्रीहरूको उपलब्धता वा खरिद गरी कम्तीमा २५% सामग्री रही कक्षाकोठामा प्रयोग हुने गरेको (शैक्षणिक योजनाबाट सुनिश्चित गर्ने)<br>२ स्थानीय सामग्रीको सङ्कलन तथा शिक्षक/विद्यार्थी निर्मित सामाग्री ५०% मात्रामा रहेको, ती सामग्रीको उपयोग सम्बन्धमा तालिम/कार्यशाला/तथा सामग्री प्रयोगको तरिकासमेत विकास भई प्रयोगमा रहेको<br>३ आधार २ पूरा भई प्रअले शिक्षण गर्ने विषय र कक्षामा शैक्षिक सामग्री सङ्कलन, निर्माण र प्रयोग गर्ने गरेको, शैक्षणिक योजनामा उल्लेख भई प्रयोग हुने र शिक्षकले खरिद गर्नुपर्ने सामग्रीको सूची बनाउने, खरिद गरिएका सामग्रीको उचित संरक्षण, र प्रयोग हुने गरेको |
| १६. | मातृभाषामा आधारित बहुभाषिक शिक्षण | सोधपुछ, दस्तावेज अध्ययन, कक्षा अवलोकन, विद्यार्थी अन्तरक्रिया गरी यकिन गर्ने (विद्यालयमा अध्ययन गर्ने | यदि कक्षाकोठा (बाविकेदेखि कक्षा ३ सम्म) बहुभाषिक छ वा नेपालीबाहेक अन्य मातृभाषा घरपारिवारमा बोल्ने विद्यार्थी छन् भने : |

| क्र.स. | सूचक | विधि, प्रक्रिया, पुष्ट्याइँका आधार तथा प्रमाण | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| | सिकाइ | बालबालिकाको मातृभाषा/घरपरिवारमा बोल्ने भाषाको अवस्था अभिलेख अध्ययन, नेपाली दोस्रो भाषा भएका विद्यार्थी कक्षामा १ जनामात्र भएपनि हुनुपर्ने)<br>शिक्षणको माध्यम भाषाका साथै विद्यार्थीको मातृभाषासमेत (केही शब्द, वाक्यको) प्रयोग गरी कम्तीमा बाविके देखि कक्षा ३ सम्म भाषा विषयबाहेकमा सिकाइ सहजीकरण गर्ने गरेको हुनुपर्ने<br>*तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ विद्यार्थी विद्यार्थीबिच मातृभाषामासमेत अन्तरक्रिया हुने<br>☐ विद्यालयमा विद्यार्थीको मातृभाषाका शब्दसूची रहेको<br>☐ विद्यालयमा शिक्षण सिकाइमा प्रयोग हुने वाक्यको विद्यार्थीको मातृभाषामा अनुवादको सूची रहेको<br>☐ मातृभाषामा आधारित बहुभाषिक शिक्षाका लागि शिक्षक तालिम सञ्चालन भएको<br>☐ बाविकेदेखि कक्षा ३ सम्म बालबालिकाले घरपरिवारमा बोल्ने विभिन्न मातृभाषाहरूः ............................<br>...................................................................................<br>................................................................................... | कक्षाकोठामा निर्देशन दिँदा, छलफल गर्दा, अवधारणा बुझाउँदा मातृभाषाका शब्द, वाक्य प्रयोग भएको हेर्ने। एकसाथ विद्यार्थीले बोल्ने मातृभाषा र शिक्षणको माध्यम भाषा प्रयोग भएको छ, छैन? अवलोकन र अन्तरक्रिया गर्ने)<br>शिक्षणको माध्यम भाषाः नेपाली, अङ्ग्रेजी, दुवै, मातृभाषासहित<br>मातृभाषाः जस्तैः मैथिली, भोजपुरी, तामाङ, नेपाल भाषा, मगर ढुट आदि।<br>० मातृभाषामा आधारित बहुभाषिक शिक्षण सिकाइको अभ्यास नभएको<br>१ बाविकेदेखि कक्षा तीनसम्मका कुनै दुईओटा कक्षाका कक्षा शिक्षकले भाषा विषयबाहेकको विषयको शिक्षण सिकाइ क्रियाकलाप सहजीकरण गर्दा शिक्षणको माध्यम भाषाका साथमा विद्यार्थीको मातृभाषामासमेत अन्तरक्रिया गर्ने गरेको<br>२ बाविकेदेखि कक्षा तीनसम्म सबै कक्षामा शिक्षकले शिक्षणको माध्यमभाषाका साथै विद्यार्थीको मातृभाषासमेत प्रयोग गरी सिकाइ सहजीकरण, अन्तरक्रिया गर्ने गरेको<br>३ आधार २ पूरा भई दैनिक सिकाइ सहजीकरणमा मातृभाषाको प्रयोगका लागि सहजीकरण सामग्री (आधारभूत वाक्य, शब्दावलीको अभिलेख) रहेको वा सामग्री अनुकूलन गरिएको, यसका लागि क्षमता विकासलगायत आवश्यक प्रबन्ध मिलाइएको |
| **(ग) सिकाइ वातावरण र सहजीकरण सिप** | | | |
| १७. | कक्षाकोठा व्यवस्थापन (बाविकेदेखि कक्षा ३ सम्म) | कक्षाकोठाको अवलोकन<br>*तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ उपयुक्त फर्निचर, कार्पेटिङ र बसाइ भएको<br>☐ बाविकेमा विषयगत सिकाइ कुना भएको र सामग्री पर्याप्त | ० अग्ला डेस्क बेञ्चमा खुट्टा झुन्ड्याई असहज बसाइ व्यवस्था भएको वा अनुकूल नभएको<br>१ उमेर र कक्षा सुहाउँदो, क्रियाकलाप गर्न अनुकूल बसाइ व्यवस्था भएको र उचित सरसफाइ गरिएको |

| क.स. | सूचक | विधि, प्रक्रिया, पुष्ट्याइँका आधार तथा प्रमाण | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| | | रहेको<br>☐ बाविकेमा दैनिक क्रियाकलाप चार्ट रहेको<br>☐ सबै कक्षामा जिम्मेवारी चार्ट रहेको<br>☐ कक्षा १-३ मा बुक कर्नर/पुस्तक कुना रहेको<br>☐ बुक कर्नरका अध्ययन सामग्री न्यूनतम रहेको<br>☐ बुक कर्नरको सामग्री प्रयोग भएको वा योजना/तालिका रहेको<br>☐ कक्षाकोठाका नियम चार्ट रहेको<br>☐ हाजिरी पाटी वा चार्ट रहेको<br>☐ उपयुक्त सरसफाइ भएको<br>☐ कक्षामा आवश्यक सिकाइ सामग्री रहेको<br>☐ मनोरञ्जनका लागि उमेर सुहाउँदो स्मार्ट टिभी, विद्युतीय तथा डिजिटाइज्ड सामग्रीहरू र इन्टरनेट<br>☐ पोर्टफोलियो राख्ने<br>☐ अन्यः ........... | २ आधार १ पूरा भई बाविकेमा सिकाइ कुना र न्यूनतम सामग्री रहेको, र कक्षा १-३ का कक्षाको पुस्तक कुनामा न्यूनतम अध्ययन सामग्री रहेको<br>३ आधार २ पूरा भई नियम, कक्षाको जिम्मेवारी चार्ट, दैनिक क्रियाकलाप चार्ट भएको (जस्तैः बिहानी बैठक, भलाकुसारी, शान्तिको कामना, विद्यार्थीबाट समाचार प्रस्तुत, मौसम तालिका मिलाउने, सहभागितात्मक हाजिरी पाटी /चार्ट/तालिका) समूह कार्यको नियमित प्रबन्ध भएको |
| ४८. | विद्यार्थी मनोपरामर्श तथा वृत्ति मार्गनिर्देशन | सम्बन्धित क्रियाकलापको अभिलेख तथा विद्यार्थीसँग अन्तरक्रिया, वृत्ति मार्गनिर्देशनसम्बन्धी अभिलेख<br>*तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ मनोपरामर्श संयोजक तोकिएको छ।<br>☐ संयोजकको कार्यविवरण छ।<br>☐ परामर्श दिने व्यक्तिले तालिम पाएको छ।<br>☐ नियमित मनोपरामर्श दिइएको छ।<br>☐ वृत्ति परामर्श कार्यक्रम नियमित सञ्चालन गरिएको छ।<br>थपः ..................................................................<br>.................................................................................. | ० विद्यार्थी मनोपरामर्श तथा वृति मार्गनिर्देशनसम्बन्धी कुनै क्रियाकलाप नभएको<br>१ विद्यार्थी मनोपरामर्श तथा वृति मार्गनिर्देशनसम्बन्धी तालिम प्राप्त शिक्षक तथा फोकल पर्सन तोकिएको, आवश्यक परामर्श भएको<br>२ आधार १ पूरा गरी आवश्यकताअनुसार विद्यार्थी मनोपरामर्श तथा माध्यमिक तहका विद्यार्थीका लागि नियमित रुपमा वृत्ति मार्गनिर्देशनसम्बन्धी अनुशिक्षण हुने गरेको<br>३ आधार २ पूरा गरी प्रअको नेतृत्वमा विद्यालयमा विभिन्न क्षेत्रका विज्ञ तथा वाह्य संस्थाको सहयोगमा/सहकार्यमा आवश्यकताअनुसार विद्यार्थी मनोपरामर्श तथा माध्यमिक तहका विद्यार्थीका लागि नियमित रुपमा वृति परामर्श मार्गनिर्देशनसम्बन्धी अनुशिक्षण हुने गरेको साथै वृत्ति मार्गनिर्देनसम्बन्धी सचेतनाका लागि विभिन्न विद्यार्थी संयन्त्र परिचालन समेत गर्ने गरेको र स्थानीय तहसँग सहकार्य गरेको |
| ४९. | विविधता व्यवस्थापन तथा वैयक्तिक सिकाइ आवश्यकतामा आधारित सहयोगात्मक शिक्षण सिकाइ | *तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ विविधता व्यवस्थापन तथा वैयक्तिक सिकाइ आवश्यकताका लागि सहयोगात्मक सिकाइको तालिम प्राप्त शिक्षक ...........जना<br>☐ कक्षाकोठाको विविधता व्यवस्थापन गरी कार्यहरू भएको<br>☐ शिक्षकबाट विद्यार्थीको आवश्यकताअनुरूप शिक्षण सिकाइ/वैयक्तिक शिक्षण योजना रहेको | ० विद्यालयले वैयक्तिक भिन्नतामा आधारित कुनै पनि लक्षित कार्यहरू नगरेको भएमा<br>१ विद्यालयले बालबालिकाहरूको वैयक्तिक सिकाइ आवश्यकता र भिन्नता (बहुबौद्धिकता तथा सामाजिक संवेगात्मक सिकाइ) तथा वैयक्तिक सिकाइ आवश्यकताको तालिम प्राप्त गरी सो पहिचान गरी सोहीअनुसार अतिरिक्त सहयोगात्मक शिक्षणको योजना बनाएको<br>२ विद्यालयले आधार १ पूरा गरी वैयक्तिक भिन्नता तथा वैयक्तिक सिकाइ आवश्यकताअनुसार वैयक्तिक सिकाइ योजनाको कार्यान्वयन |

| क.स. | सूचक | विधि, प्रक्रिया, पुष्ट्याइँका आधार तथा प्रमाण | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| | | ☐ विद्यार्थीले आफूले सुधार गर्नुपर्ने विषयमा जानकारी पाएको<br>☐ निदानात्मक परीक्षण (Diagnostic Test) गरिएको<br>☐ बहुबौद्धिकता (Multiple Intelligence) को सम्बोधन गर्ने क्रियाकलाप गरिएको<br>☐ सामाजिक संवेगात्मक सिकाइ (Socio-Emotional Learning) सम्बन्धी क्रियाकलाप भएको<br>☐ सिकाइ सुधारका विषयगत क्रियाकलाप गरिएको ........<br>.................................................................... | ३ आधार २ पूरा गरी विद्यालयले नियमितरूपमा विद्यार्थीको वैयक्तिक सिकाइ योजनामा आधारित अतिरिक्त सहयोगात्मक सिकाइ केन्द्रित वा लक्षित कार्यक्रमहरू कार्यान्वयन गरेको |
| ५०. | व्यावसायिक सिप प्रवर्धन | अवलोकन, अभिलेख तथा कार्यक्रम (विद्यालयको स्थानीय परिवेश भन्नाले स्थानीय उत्पादन, कला, पर्यटन, संस्कृति, भाषा, भेषभूषा, उद्यमशीलता, अतिथि सत्कार, कृषि, व्यवसाय, सिप विकास तालिमलगायतका सान्दर्भिक क्रियाकलाप बुझिने छ। )<br>**भएका कामहरू लेख्नुहोस्।** ............................................<br>....................................................................<br>.................................................................... | ० विद्यालयको नियमित पठनपाठनबाहेक सिपसँग सम्बन्धित कुनै कार्यक्रम नगरेको<br>१ कक्षा ६ र सोभन्दा माथिका कक्षामा विद्यालयको स्थानीय परिवेश र सान्दर्भिकताअनुसारकै व्यावसायिक सिपसम्बन्धी कुनै १-२ क्रियाकलापहरू गर्ने गरेको वा अतिरिक्त क्रियाकलापमा समेटेको<br>२ आधार १ पूरा गरी आय आर्जन तथा स्वरोजगारकेन्द्रित सिप विकास विद्यार्थीको रूचिअनुसार समूह बनाई नियमितरूपमा विद्यालय क्रियाकलाप सञ्चालन गर्ने गरेको<br>३ आधार २ पूरा गरी स्वरोजगारकेन्द्रित तथा दैनिक जीवनयापनमा उपयोग हुने गरी विज्ञ/व्यावसायिक व्यक्तिबाट समेत विभिन्न क्रियाकलाप सहजीकरण गराउने गरेको |
| **(छ) विद्यार्थी सिकाइ परीक्षण र उपलब्धि** | | | |
| ५१. | प्रारम्भिक बालविकास कक्षाको विकासात्मक प्रगति | अवलोकन, अभिलेख–प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण– प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (Early Learning and Development Standards) | ० प्रारम्भिक बालविकास र शिक्षाका कक्षाहरूमा अन्य कक्षाहरूमा जस्तै त्रैमासिक तथा वार्षिक लिखित परीक्षा लिई उत्तीर्ण/अनुत्तीर्णको अभ्यास हुने गरेको |

| क.स. | सूचक | विधि, प्रक्रिया, पुष्ट्याइँका आधार तथा प्रमाण | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| | सिकाइस्तर परीक्षण | *तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ तोकिएबमोजिम प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड रिपोर्ट कार्ड र अभिलेख रहेको<br>☐ प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित रिपोर्ट कार्ड वितरण गरिएको<br>☐ रिपोर्ट कार्डबारे अभिभावकसँग अन्तरक्रिया गरिएको<br>☐ पोर्टफोलियो व्यवस्थापन गरिएको | १ प्रारम्भिक बालविकास र शिक्षाका कक्षामा प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड रिपोर्ट कार्डको प्रयोगका अतिरिक्त वार्षिक रूपमा लिखित परीक्षा हुने गरेको<br>२ आधार १ पूरा गरी पोर्टफोलियो व्यवस्थापन र प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS) रिपोर्ट कार्ड बनाउने गरिएको<br>३ आधार २ पूरा गरी व्यक्तिगत पोर्टफोलियो र रिपोर्ट कार्ड तयार गरी अभिभावकसँग विकासात्मक अवस्थाको छलफल गर्ने गरिएको |
| ५२. | कक्षा १-३ मा विद्यार्थी सिकाइको परीक्षण | कक्षा १ देखि ३ को सिकाइ परीक्षणका लागि अवलम्बन गरिएका विभिन्न परीक्षणका साधन तथा विधिको अवलोकन<br>*तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ थिमगत सिकाइ उपलब्धि फारामको प्रयोग भएको<br>☐ पोर्टफोलियो अभिलेख रहेको<br>☐ विद्यार्थीको सिकाइका सम्बन्धमा अभिभावकसँग अन्तरक्रिया गरिएको<br>☐ सिकाइको परीक्षणपश्चातको सुधारात्मक सिकाइ योजना निर्माण गरी कार्यान्वयन गरिएको | ० कक्षा १ देखि ३ मा अन्य कक्षाका जस्तै त्रैमासिक र वार्षिक परीक्षाहरू लिने गरिएको<br>१ थिमगत सिकाइ उपलब्धिको फाराम भर्ने गरिएको र वार्षिक परीक्षा पनि लिने गरिएको हुनसक्ने<br>२ थिमगत सिकाइ उपलब्धि फाराम प्रयोग गरी हरेक विद्यार्थीको व्यक्तिगत पोर्टफोलियो राम्रोसँग व्यवस्था गरी सिकाइको मूल्याङ्कन हुने, वार्षिक परीक्षा भए सोसमेत अभिलेखमा राखिएको हुनसक्ने<br>३. कुनै पनि **<u>औपचारिक परीक्षा नलिई</u>** आन्तरिक मूल्याङ्कनका आधारमा नियमितरूपमा भरिएको थिमगत र पाठगत सिकाइ उपलब्धि फाराम र पोर्टफोलियो (थिमगत सिकाइ उपलब्धिसमेतको) का आधारमा सिकाइको परीक्षण गरी नतिजा तयारी र विश्लेषण गर्ने र सोका आधारमा सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालनसम्बन्धी कार्य गर्ने गरिएको<br>४ कक्षा १ देखि ३ को विद्यार्थी सिकाइ परीक्षणका सम्बन्धमा निरन्तर अभिभावकको अन्तरक्रिया, प्रगति विवरणको छलफल र अभिभावक सहभागिता तथा अभिमुखीकरण भएको अभिलेख |

| क.स. | सूचक | विधि, प्रक्रिया, पुष्ट्याइँका आधार तथा प्रमाण | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| ५३. | कक्षा ४-८ र ९-१२ को आन्तरिक मूल्याङ्कन | पाठ्यक्रमले निर्धारण गरेबमोजिमको आन्तरिक मूल्याङ्कन पद्धतिको प्रयोग भए वा नभएको प्रमाण र अभिलेख हेर्ने। अभिलेख भन्नाले हरेक विद्यार्थीको वैयक्तिक सिकाइ प्रगति विवरणलाई बुझाउँछ ।<br>*तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ विद्यार्थी पोर्टफोलियो रहेको<br>☐ आन्तरिक मूल्याङ्कनको अभिलेख रहेको<br>☐ आन्तरिक मूल्याङ्कन प्रयोजनको परियोजना कार्य रहेको<br>☐ आन्तरिक मूल्याङ्कन प्रयोजनको कक्षा सहभागिता अभिलेख रहेको<br>☐ आन्तरिक मूल्याङ्कन प्रयोजनको समूह कार्य तथा प्रयोगशालाका क्रियाकलाप रहेको<br>☐ प्रयोगात्मक कार्यको अभिलेख<br>☐ आन्तरिक मूल्याङ्कन निर्देशिकाको शिक्षक अभिमुखीकरण<br>☐ आन्तरिक मूल्याङ्कनको योजना (तहगत र विषयगत) | ० पाठ्यक्रमले निर्धारण गरेबमोजिम सहभागिता, परियोजना कार्यहरू, प्रयोगात्मक कार्य र नगरी त्रैमासिक लिखित परीक्षामात्र लिने गरेको र अन्य क्रियाकलापको अभिलेख नरहेको<br>१ पाठ्यक्रमले निर्धारण गरेबमोजिम सहभागिता, परियोजना कार्यहरू, प्रयोगात्मक कार्यसहित त्रैमासिक परीक्षाको अङ्क प्रदान गर्ने गरिएको<br>२ पाठ्यक्रमले निर्धारण गरेबमोजिम सहभागिता, परियोजना कार्यहरू, प्रयोगात्मक कार्य र त्रैमासिक परीक्षाको तोकिएबमोजिम अभिलेखसमेतका आधारमा विद्यार्थी पोर्टफोलियो व्यवस्थित गरी मूल्याङ्कन गर्ने गरिएको<br>३ पाठ्यक्रमले निर्धारण गरेबमोजिम आन्तरिक मूल्याङ्कनको विधि र पद्धतिको र औपचारिक लिखित परीक्षा भारअनुसार आन्तरिक मूल्याङ्कन पद्धतिको योजनाबद्ध अभ्यास भई अभिलेखसहित अन्तिम मूल्याङ्कन र स्तर निर्धारण गर्ने गरिएको |
| ५४. | प्रश्नपत्र निर्माण | पाठ्यक्रमले निर्धारण गरेबमोजिम **विद्यालयले सञ्चालन गर्ने कक्षा ४ देखि १२ सम्मको त्रैमासिक र वार्षिक परीक्षा (कक्षा ८, १० र १२ को वार्षिक परीक्षाबाहेक)** का लागि प्रयोग गरिने<br>तलका विषयहरूमा छन् भने अगाडिको बाकसमा चिनो ☑ लगाउनुहोस् ।<br>☐ विद्यालयमा प्रश्न निर्माण (Item Writing) कार्यशाला आयोजना गरिएको | ० विद्यालयमा कुनै पनि परीक्षाका लागि प्रश्न निर्माण अभ्यास नहुने (सबैखाले परीक्षाका लागि बाह्य निकायबाट प्रश्न ल्याउने अभ्यास)<br>१ त्रैमासिक परीक्षाका प्रश्नहरू विद्यालय आफैंले निर्माण गर्ने र वार्षिक परीक्षाका प्रश्नहरूमात्र अन्य बाह्य समूह/समितिबाट ल्याउने गरिएको<br>२ विशिष्टीकरण तालिकाको प्रयोग गरी विद्यालयका सबैखाले परीक्षाका लागि विद्यालय आफैंले प्रश्नपत्र निर्माण गर्ने अभ्यास गरिएको<br>३ विद्यालयमा विषयगत समितिहरू वा शिक्षकले नेतृत्व लिई प्रश्नपत्र |

| क.स. | सूचक | विधि, प्रक्रिया, पुष्ट्याइँका आधार तथा प्रमाण | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| | | ☐ नमुना प्रश्नको अभिमुखीकरण गरिएको<br>☐ विशिष्टीकरण तालिकाबमोजिम प्रश्न बनाइएको<br>☐ विद्यालयमा एकाइ/मासिक परीक्षाका प्रश्न निर्माण गरिएको<br>☐ सबै परीक्षाका प्रश्न स्थानीय तहबाट आउने गरेको<br>**(नोट : स्थानीय तहले निर्णय गरी सबै त्रैमासिक र वार्षिक परीक्षाका प्रश्न उपलब्ध गराउने गरेको अवस्थामा यो सूचकलाई गणना नगरिने )** | निर्माणका लागि तालिम/कार्यशालाहरू आयोजना गरी विशिष्टीकरण तालिका अनुरुपको प्रश्न निर्माण र प्रश्नपत्र परिमार्जन गर्ने गरिएको |
| ५५. | अङ्कन मार्गदर्शन निर्माण र प्रयोग | विद्यालयस्तरीय परीक्षाहरूमा विषयगत रूपमा अङ्कन मार्गदर्शनको (Scoring Guideline/ Marking Scheme) निर्माण भए वा नभएको अभिलेख अध्ययन ।अङ्कन मार्गनिर्देशन प्रयोगको पक्ष प्रअले अनुगमन गरेको वा प्रअले विषयसमितिको सहयोगमा गरेको<br>*तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ अङ्कन मार्गदर्शन निर्माण भएको सङ्ख्या .................. | ० विद्यालयमा कुनै पनि अङ्कन मार्गदर्शन वा अङ्कन योजना उपलब्ध नभएको/नगराइएको<br>१ विद्यालयमा सामान्य अङ्कन निर्देशिका वा अङ्कन योजना उपलब्ध भएको तर कार्यान्वयन सुनिश्चत नभएको<br>२ विद्यालयमा प्रश्न निर्माणको समयमा वा अन्य माध्यमबाट प्रश्नहरू ल्याउने क्रममासमेत अङ्कन निर्देशिका संलग्न राखिएको र उत्तरपुस्तिका परीक्षणका क्रममा रुपमा यसको उपयोग गर्ने गरिएको<br>३ उत्तरपुस्तिकाको परीक्षणपूर्व प्रबोधीकरण तथा प्रश्नसँगै अङ्कन निर्देशिका, रूब्रिक्ससहित संलग्न राखिएको र उत्तरपुस्तिका परीक्षणका क्रममा यसको उपयोग गर्ने गरिएको |
| ५६. | नतिजा प्रकाशन | विद्यालयस्तरीय परीक्षाको नतिजा प्रकाशनको अभ्यास<br>*तलका विषय छन् भने ठिक चिनो ☑ लगाउनुहोस्।*<br>☐ सूचना पाटीमा टाँस गर्ने<br>☐ कक्षामा विषयगत रूपमा सुनाउने<br>☐ अभिभावकलाई वितरण गर्ने | ० नतिजा प्रकाशनसम्बन्धी अभिलेखहरु विद्यालयमा उपलब्ध नभएको<br>१ सूचना टाँस गरेर वा समूहमा नतिजा प्रकाशन गर्ने र ग्रेड सिट उपलब्ध गराउने<br>२ विषयगत/कक्षा शिक्षकले कक्षागत अभिभावकको उपस्थितिमा नतिजा प्रस्तुत गरी जानकारी गराएको र अभिलेख राखिएको |

| क.स. | सूचक | विधि, प्रक्रिया, पुष्ट्याइँका आधार तथा प्रमाण | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| | | ☐ ग्रेड सिट उपलब्ध गराउने<br>☐ उत्तरपुस्तिका उपलब्ध गराउने<br>☐ शिक्षक बैठकमा छलफल गर्ने<br>☐ प्रअले सिकाइ सुधारमा नेतृत्व र अनुगमन | ३ आधार २ पूरा गरी वैयक्तिक रुपमा पृष्ठपोषणसहित अभिभावक र विद्यार्थीसहित बालबालिकाको सिकाइ स्तरको छलफल गर्ने र विद्यार्थीको उत्तरपुस्तिका अभिभावकबाट फिर्ता लिई पोर्टफोलियोमा राख्ने अभ्यास गरेको |
| ५७. | सार्वजनिक परीक्षाको नतिजा विश्लेषण र सिकाइ उपलब्धि सुधार योजना | **सार्वजनिक परीक्षाका रूपमा कक्षा ८, १० र १२ को परीक्षालाई लिइएको छ।** यी कक्षाको नतिजा विश्लेषणका अभ्यासहरू, अभिलेखको अध्ययन र सिकाइ उपलब्धि सुधारका योजना तथा क्रियाकलाप।<br>☐ कक्षा ८ को नतिजा विश्लेषण गरिएको<br>☐ कक्षा १० को नतिजा विश्लेषण गरिएको<br>☐ कक्षा १२ को नतिजा विश्लेषण गरिएको<br>☐ अन्य विद्यालयसँग नतिजाको तुलना गर्ने गरिएको<br>☐ नतिजा विश्लेषणका आधारमा सिकाइ उपलब्धि सुधारको योजना बनाई कार्यान्वयन गरिएको<br>☐ विगतभन्दा नतिजामा सुधार आएको<br>☐ अन्य भए ...................................... | ० तोकिएको सार्वजनिक परीक्षाको नतिजा विश्लेषण र सुधारसम्बन्धी कुनै काम नभएको<br>१ तोकिएको सार्वजनिक परीक्षामध्ये कम्तीमा कुनै एक कक्षाको नतिजा विश्लेषण गरी सिकाइ सुधार योजनाका सम्बन्धमा स्टाफ बैठकमा छलफल गरेको<br>२ तोकिएको सार्वजनिक परीक्षामध्ये कम्तीमा कुनै दुई ओटा (**माध्यमिक विद्यालयमा**) कक्षाको नतिजा विश्लेषण गरी सिकाइ सुधार योजनाका सम्बन्धमा स्टाफ बैठकमा छलफल गरी कार्यान्वयन गरेको<br>३ तोकिएको **सबै सार्वजनिक परीक्षा** (विद्यालयको तहमा पर्ने सबै) को नतिजा विश्लेषण गरी सिकाइ सुधार योजनाका सम्बन्धमा स्टाफ बैठकमा छलफल गरी कार्यान्वयन गरेको र सो आधारमा सुधारसमेत भएको |
| ५८. | सिकाइ उपलब्धिको अवस्था | **नतिजा विश्लेषणको अभिलेख अध्ययन गर्ने**<br>**कक्षा ८ को परीक्षा**<br>☐ सहभागी जम्मा विद्यार्थीः...........<br>☐ ग्रेडेड भएका विद्यार्थीः .........प्रतिशतः ......<br>**कक्षा १० को परीक्षा** | ० कक्षा ८, १० र १२ मा परीक्षामा सहभागी भएकामध्ये २० प्रतिशतभन्दा कम मात्र ग्रेडेड भएको (नियमिततर्फ)<br>१ कक्षा ८, १० र १२ मा परीक्षामा सहभागी भएकामध्ये २० देखि ४० प्रतिशत ग्रेडेड (नियमिततर्फ) भएको<br>२ कक्षा ८, १० र १२ मा परीक्षामा सहभागी भएकामध्ये ४० देखि ७० प्रतिशत ग्रेडेड (नियमिततर्फ) भएको |

| क्र.स. | सूचक | विधि, प्रक्रिया, पुष्ट्याइँका आधार तथा प्रमाण | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| | | ☐ सहभागी जम्मा विद्यार्थीः ............<br>☐ ग्रेडेड भएका विद्यार्थीः ........प्रतिशतः .........<br>**<u>कक्षा १२ को परीक्षा</u>**<br>☐ सहभागी भएका जम्मा विद्यार्थीः ............<br>☐ ग्रेडेड भएका विद्यार्थीः ...........प्रतिशतः ........<br>(३ वटै कक्षाको औसत प्रतिशत गणना गर्ने) | ३ कक्षा ८, १० र १२ मा परीक्षामा सहभागी भएकामध्ये ७० प्रतिशत र सोभन्दा बढी ग्रेडेड (नियमिततर्फ) भएको |
| **(ज) कार्यसम्पादनमा सरोकारवालाको मूल्याङ्कन (प्रअले स्व-मूल्याङ्कन गर्ने र सरोकारवालाका लागि अतिरिक्त फारामहरू प्रयोग गर्ने)**<br>**(अङ्कनः सामान्यः१, मध्यमः २, उत्तमः ३, अति उत्तमः ४)। यस खण्डमा विभिन्न सरोकारवालाको निश्चित सङ्ख्यामा प्रतिनिधिमूलक प्रतिक्रिया लिई मूल्याङ्कन गरिएको छ। <u>स्थानीय तहले यस फाराम प्रयोग गरी परीक्षण गर्दा वा विद्यालय तहमा वा प्रअले स्वमूल्याङ्कन गर्ने/गराउने क्रममा सम्भाव्यताका हिसाबले सरोकारवालाको सङ्ख्या बढाउन सकिने छ।</u>** | | | |
| ५९. | शिक्षक/कर्मचारीबाट प्रअको मूल्याङ्कन | यसका लागि छुट्टै फाराम प्रयोग गरिनेछ। कम्तीमा ३ शिक्षक र १ कर्मचारी<br>**(परीक्षकले शिक्षक/कर्मचारीबाट प्रअको मूल्याङ्कन फाराम भराई सोको गणना गरेर चिनो लगाउनुहोस्।)** | शिक्षकहरूले प्रधानाध्यापकको कार्यसम्पादनको मूल्याङ्कन कसरी गरेका छन् √ चिनो लगाउनुहोस्।<br>☐ सामान्य<br>☐ मध्यम<br>☐ उत्तम<br>☐ अति उत्तम |
| ६०. | विद्यार्थीबाट प्रअको मूल्याङ्कन | सबै तहको प्रतिनिधित्व हुने गरी छात्र र छात्रासमेत गरी ४ जना विद्यार्थीको प्रतिक्रिया **(परीक्षकले विद्यार्थीलाई प्रअको मूल्याङ्कन फाराम भराई सोको गणना गरेर चिनो लगाउनुहोस्।)** | विद्यार्थीहरूले प्रधानाध्यापकको कार्यसम्पादनको मूल्याङ्कन कसरी गरेका छन् √ चिनो लगाउनुहोस्।<br>☐ सामान्य<br>☐ मध्यम<br>☐ उत्तम<br>☐ अति उत्तम |

| क.स. | सूचक | विधि, प्रक्रिया, पुष्ट्याइँका आधार तथा प्रमाण | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| ६१. | विव्यस/शिअस पदाधिकारीबाट प्रअको मूल्याङ्कन | शिक्षक प्रतिनिधिबाहेक विद्यालय व्यवस्थापन समिति (विव्यस) र शिक्षक अभिभावक सङ्घ (शिअस)का पदाधिकारी महिलासमेत २ जनाबाट प्रतिक्रिया लिने<br>**(परीक्षकले विव्यस/शिअसबाट प्रअको मूल्याङ्कन फाराम भरी/भराई सोको गणना गरेर चिनो लगाउनुहोस्।)** | विव्यस/शिअस पदाधिकारीले प्रधानाध्यापकको कार्यसम्पादनको मूल्याङ्कन गरेका छन् √ चिनो लगाउनुहोस् ।<br>☐ सामान्य<br>☐ मध्यम<br>☐ उत्तम<br>☐ अति उत्तम |
| ६२. | अभिभावकबाट प्रअको मूल्याङ्कन | तहगत रुपमा महिला पुरुषसमेत प्रतिनिधित्व हुने गरी २ जनाबाट प्रतिक्रिया लिने<br>**(परीक्षकले अभिभावकबाट प्रअको मूल्याङ्कन फाराम भरी/भराई सोको गणना गरेर चिनो लगाउनुहोस्।)** | अभिभावकहरूबाट प्रधानाध्यापकको कार्यसम्पादनको मूल्याङ्कन कसरी गरिएको छ √ चिनो लगाउनुहोस् ।<br>☐ सामान्य<br>☐ मध्यम<br>☐ उत्तम<br>☐ अति उत्तम |
| ६३. | स्थानीय तहबाट प्रअको मूल्याङ्कन | स्थानीय तहका शिक्षा शाखाका १ जना<br>**(परीक्षकले स्थानीय तहबाट प्रअको मूल्याङ्कन फाराम भराई सोको गणना गरेर चिनो लगाउनुहोस्।)** | स्थानीय तहबाट प्रधानाध्यापकको कार्यसम्पादनको मूल्याङ्कन कसरी गरिएको छ √ चिनो लगाउनुहोस् ।<br>☐ सामान्य<br>☐ मध्यम<br>☐ उत्तम<br>☐ अति उत्तम |
| ६४. | अन्य सरोकारवालाबाट | विद्यालयका अभिभावक बाहेकका समुदायका अन्य व्यक्तिहरू, २ जना (स्थानीय व्यक्ति, शिक्षाप्रेमी, समाजसेवी, व्यवसायी आदि)<br>**(परीक्षकले अन्य सरोकारवालाबाट प्रअको मूल्याङ्कन फाराम भरी/भराई सोको गणना गरेर चिनो लगाउनुहोस्।)** | विद्यालयका अन्य सरोकारवालाले प्रधानाध्यापकको कार्यसम्पादन मूल्याङ्कन कसरी गरेका छन् √ चिनो लगाउनुहोस् ।<br>☐ सामान्य<br>☐ मध्यम |

| क.स. | सूचक | विधि, प्रक्रिया, पुष्ट्याइँका आधार तथा प्रमाण | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| | | | ☐ उत्तम<br>☐ अति उत्तम |
| ६५. | विवाद तथा द्वन्द्व व्यवस्थापन सिप | विद्यालयका विद्यार्थी, शिक्षक, विव्यस पदाधिकारी वा अभिभावकसँग प्रतिक्रिया लिने फाराम (१ जनाका दरले जम्मा ३ जना) | ☐ सामान्य<br>☐ मध्यम<br>☐ उत्तम<br>☐ अति उत्तम |
| ६६. | प्रअ स्वयम्ले गरेको आफ्नो मूल्याङ्कन | प्रअ आफैंले स्वमूल्याङ्कन फारामको भरी र सोका आधारमा सबल र सुधार गर्नुपर्ने/गर्न सकिने पक्ष पहिचान गर्नुहोस् ।<br>**यसको अङ्कन प्रअ आफैंले गर्ने । वाहप परीक्षणमा प्रअलाई बताउन लगाई सोही परीक्षकले चिनो लगाउनुहोस्।** | प्रअ आफैंले आफ्नो कामको मूल्याङ्कन गर्नुहोस् √ चिनो लगाउनुहोस्।<br>☐ सामान्य<br>☐ मध्यम<br>☐ उत्तम<br>☐ अति उत्तम |

# अनुसूची

तहगत र विभिन्न कक्षाको प्रतिनिधित्व हुने गरी ३ जना शिक्षक र १ जना कर्मचारी छनोट गर्नुहोस्। छनोट गरिएका सहभागीलाई परीक्षण प्रयोजन बताई प्रधानाध्यापकको कार्यसम्पादन सम्बन्धमा के कस्तो मूल्याङ्कन गर्नुहुन्छ भनी तल दिइएको फाराम हरेकलाई १ प्रति अलग भराउनुहोस्। सबै फाराममा भएका कथनमा आधारित भई छलफल गर्नुहोस्। सहभागीले दिएको जवाफका आधारमा उत्तरको स्तर निर्धारण गर्नुहोस्।

## गणना तरिका

प्राप्ताङ्कको गणनाका लागि सामान्य १, मध्यम २, उत्तम ३ र अति उत्तमलाई ४ अङ्क दिनुहोस्। सो आधारमा कुल प्राप्ताङ्क निकाल्नुहोस्। गणना गरिएको प्रतिशतलाई समग्र स्तरमा लैजाने तरिकाबमोजिम यस साधनको सम्बद्ध अंशमा चिनो लगाउनुहोस्।

- प्रतिशत ७५ र यसभन्दा बढी भए, अति उत्तम, ४ अङ्क
- प्रतिशत ५० देखि ७५ सम्म भए, उत्तम, ३ अङ्क
- प्रतिशत २५ देखि ५० भए, मध्यम, २ अङ्क
- प्रतिशत २५ भन्दा कम भए, सामान्य १ अङ्क

(जस्तै यस फाराममा ४ जना सहभागीबाट मूल्याङ्कन गराउँदा कुल अङ्क १० वाक्यको ४ अङ्कका दरले पूर्णाङ्क १६० (१० वाक्य x प्रतिवाक्य ४ अधिकतम अङ्क x सहभागी सङ्ख्या ४) हुन्छ। सबै सहभागीले गरेको मूल्याङ्कनमा कुल अङ्कलाई कुल पूर्णाङ्क (जस्तै १६०) ले भाग गरी १०० ले गुणन गरेर प्रतिशत निकाल्नुहोस् ।

मानौं सहभागी ४ जनाको कुल अङ्क (४०+३०+३५+२६=१३१) लाई कुल पूर्णाङ्क १६० ले भाग गरी प्रतिशतमा लैजान १०० ले गुणन गर्दा आउने प्रतिशत ८१.८७, समग्र स्तरको प्रतिशत ७५ भन्दा बढी/४ अङ्क/अति उत्तममा पर्छ ।

**फाराम १ : सूचक ५९ सँग सम्बन्धित (प्रधानाध्यापकको कार्यसम्पादनमा शिक्षक तथा विद्यालय कर्मचारीको मूल्याङ्कन) (४ प्रति)**

शिक्षकः .........            तहः ....................

| क्र.स. | सूचक ५९ सँग सम्बन्धित विषयवस्तु | मूल्याङ्कन स्तर | | | |
|---|---|---|---|---|---|
| | | सामान्य (१) | मध्यम (२) | उत्तम (३) | अति उत्तम (४) |
| १ | प्रधानाध्यापकको विद्यालयमा प्रभावकारी शैक्षिक नेतृत्व | | | | |
| २ | शिक्षक/कर्मचारीप्रति सम्मानजनक र न्यायपूर्ण व्यवहार | | | | |
| ३ | कामको जिम्मेवारी स्पष्ट रूपमा बाँडफाँड | | | | |
| ४ | समस्या तथा गुनासो समयमै सुन्ने र समाधान गर्ने प्रयास | | | | |
| ५ | शिक्षकको पेसागत विकास) तालिम सहजीकरणमा सहयोग | | | | |
| ६ | निर्णय प्रक्रियामा शिक्षक/कर्मचारीको सुझावलाई महत्त्व दिने | | | | |
| ७ | विद्यालयको प्रशासनिक काम नियमित र व्यवस्थित | | | | |
| ८ | कार्य वातावरण सकारात्मक र प्रेरणादायी | | | | |
| ९ | आचारसंहिता, अनुशासन र नियम पालना सबैका लागि समान | | | | |
| १० | प्रधानाध्यापकको नेतृत्वप्रति म प्रभावित छु, प्रअको भूमिका अनुकरणीय | | | | |

## फाराम २: सूचक ६० सँग सम्बन्धित (विद्यार्थीबाट प्रअको मूल्याङ्कन) (४ प्रति)

तहगत र छात्र, छात्राको प्रतिनिधित्व हुनेगरी ४ जना विद्यार्थी छनोट गर्नुहोस्। छनोट गरिएका विद्यार्थीलाई अध्ययनको प्रयोजनबारे बताउँदै 'तपाईंको अनुभवका आधारमा प्रअको अवस्था (व्यक्तित्व, नेतृत्व क्षमता, समभाव, विद्यार्थीसँगको सम्बन्ध, शिक्षण सिकाइ विधि र प्रविधिको प्रयोग लगायतका आधारमा) विश्लेषण गर्दा उहाँलाई कुन स्तरको मान्नुहुन्छ?' भनी प्रश्न सोध्नुहोस्। फाराम दिई यो भर्ने तरिका सिकाउनुहोस्। वैयक्तिक विवरण गोप्य रहने गरी फाराम भर्न लगाउनुहोस्। सबैको फाराम सङ्कलन गरी अङ्कन गर्नुहोस्। अङ्कनको विधिका लागि अनुसूचीको फाराम १ को सुरुमा दिइएको गणना तरिका हेर्नुहोस्। यस साधनको सम्बद्ध सूचक रहेको अंशमा चिनो लगाउनुहोस्।

विद्यार्थीको कक्षाः .................... लैङ्गिकताः **छात्रा ☐ छात्र ☐ अन्य ☐**

| क्र.स. | सूचक ६० सँग सम्बन्धित विषयवस्तु | मूल्याङ्कन स्तर | | | |
|---|---|---|---|---|---|
| | | सामान्य (१) | मध्यम (२) | उत्तम (३) | अति उत्तम (४) |
| १ | प्रधानाध्यापकको विद्यार्थीप्रति मैत्रीपूर्ण व्यवहार छ। | | | | |
| २ | विद्यालयमा म आफूलाई सुरक्षित महसुस गर्छु। | | | | |
| ३ | विद्यालयमा अनुशासन व्यवस्थापन न्यायपूर्ण छ। | | | | |
| ४ | विद्यालयमा विद्यार्थीका समस्या र गुनासो सुन्ने गरिन्छ। | | | | |
| ५ | विद्यालयमा खेलकुद तथा अतिरिक्त क्रियाकलापमा प्रोत्साहन दिइन्छ। | | | | |
| ६ | विद्यालयको वातावरण सफा र व्यवस्थित छ। | | | | |
| ७ | पढाइ राम्रो बनाउन प्रधानाध्यापकले चासो दिनुहुन्छ। | | | | |
| ८ | शिक्षक र विद्यार्थीबिच राम्रो सम्बन्ध बनाउन सहयोग गर्नुभएको छ। | | | | |
| ९ | विद्यालयमा भेदभावरहित वा सम्मानजनक वातावरण छ। | | | | |
| १० | मलाई प्रधानाध्यापकको भूमिका राम्रो लाग्छ । | | | | |

## फाराम ३ : सूचक ६१ सँग सम्बन्धित (विद्यालय व्यवस्थापन समिति/शिक्षक अभिभावक सङ्घ पदाधिकारीबाट प्रअको मूल्याङ्कन) (२ प्रति)

शिक्षक प्रतिनिधिबाहेक विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारी/अध्यक्षसमेतबाट १।१ जनाका दरले महिलासमेत पर्ने गरी २ जना सहभागी छनोट गर्नुहोस्। सबैलाई यो फाराम अलग अलग उपलब्ध गराई भर्ने तरिका सिकाउनुहोस्। वैयक्तिक रूपमा गोप्य हुने गरी फाराम भर्न लगाउनुहोस्। सबैका प्रतिक्रिया सङ्कलन गरी अङ्कन गर्नुहोस्। अङ्कनको विधिका लागि अनुसूचीको फाराम १ को सुरुमा दिइएको गणना तरिका हेर्नुहोस्। यस साधनको सम्बद्ध सूचक रहेको अंशमा चिनो लगाउनुहोस्।

समितिः विव्यस/शिअस लैङ्गिकताः महिला/पुरुष/..........

| क्र.स. | सूचक ६१ सँग सम्बन्धित विषयवस्तु | मूल्याङ्कन स्तर | | | |
|---|---|---|---|---|---|
| | | सामान्य (१) | मध्यम (२) | उत्तम (३) | अति उत्तम (४) |
| १ | प्रधानाध्यापकले विद्यालयको योजना प्रभावकारी रूपमा कार्यान्वयन गरेको | | | | |
| २ | आर्थिक प्रशासन पारदर्शी र उत्तरदायी रहेको | | | | |
| ३ | विव्यसका निर्णयको कार्यान्वयनको अवस्था | | | | |
| ४ | विव्यस/शिअसको नियमित बैठक तथा प्रतिवेदन प्रस्तुत हुने गरेको | | | | |
| ५ | विद्यालयको दीर्घकालीन विकासबारे प्रअको स्पष्ट दृष्टिकोण रहेको | | | | |
| ६ | समुदाय र अभिभावकबिच आपसी समन्वयका लागि प्रअबाट कार्य भएको | | | | |
| ७ | शैक्षिक गुणस्तर सुधारमा प्रअबाट पहल भएको | | | | |
| ८ | स्रोत साधनको अधिकतम उपयोग भएको | | | | |
| ९ | समस्या समाधानका क्रममा प्रअबाट विव्यससँग सहकार्य भएको | | | | |
| १० | विव्यस र शिअससँग विद्यालयको गुणस्तरका सुधारका लागि नियमित छलफल भएको | | | | |

## फाराम ४ सूचक ६२ सँग सम्बन्धित अभिभावकबाट प्रअको मूल्याङ्कन (२ प्रति )

तहगत प्रतिनिधित्व हुने गरी २ जना अभिभावक छनोट गर्नुहोस्। छनोट भएका अभिभावकलाई विद्यालयमा, समुदायमा वा अभिभावकको घरमा भेटेर तल दिइएको प्रश्नावलीका आधारमा छलफल एवम् प्रश्नोत्तर गरी अभिभावकलाई तलको फाराम भराउनुहोस्। यदि पढ्न नसेकमा आफैंले पढी सहयोग गर्नुहोस्। अभिभावकलाई उनीहरूले दिएको प्रतिक्रिया गोप्य रहने कुराको जानकारी दिनुहोस्। सबैका फाराम सङ्कलन गरी अङ्कन गर्नुहोस्। अङ्कनको विधिका लागि अनुसूचीको फाराम १ को सुरुमा दिइएको गणना तरिका हेर्नुहोस्। यस साधनको सम्बद्ध सूचक रहेको अंशमा चिनो लगाउनुहोस्।

बालबालिका अध्ययनरत कक्षाः ................ लैङ्गिकताः महिला/पुरुष/.......

| क्र.स. | सूचक ६२ सँग सम्बन्धित विषयवस्तु | मूल्याङ्कन स्तर | | | |
|---|---|---|---|---|---|
| | | सामान्य (१) | मध्यम (२) | उत्तम (३) | अति उत्तम (४) |
| १ | प्रधानाध्यापकसँग भेटघाट र सम्बाद गर्न सजिलो छ। | | | | |
| २ | बालबालिकाको पढाइप्रति प्रधानाध्यापक चासो राख्नुहुन्छ। | | | | |
| ३ | विद्यालयले अभिभावकलाई आवश्यक जानकारी समयमै गराएको छ। | | | | |
| ४ | हाम्रो गुनासो तथा सुझावलाई विद्यालयले सकारात्मक रूपमा लिने गरेको छ । | | | | |
| ५ | विद्यालयका प्रअ, शिक्षक, विद्यार्थी विव्यस/शिअसका पदाधिकारीको सदाचार कायम छ। | | | | |
| ६ | विद्यालय वातावरण सुरक्षित र बालमैत्री छ। | | | | |
| ७ | शिक्षक र विद्यार्थीबिचको सम्बन्ध सकारात्मक छ। | | | | |
| ८ | प्रधानाध्यापकप्रति अभिभावकको विश्वास छ। | | | | |
| ९ | विद्यालय पहिलेभन्दा राम्रो हुँदै छ। | | | | |
| १० | म प्रधानाध्यापकको कार्यसम्पादनप्रति सन्तुष्ट छु। | | | | |

## फाराम ५ : सूचक ६३ सँग सम्बन्धित स्थानीय तह (शिक्षा विभाग/महाशाखा/शाखा) फाराम १ प्रति ।

स्थानीय तहका शिक्षा हेर्ने शाखाको उपलब्ध भएसम्म माथिल्लो तह/अधिकृत प्रअबारे जान्ने १ जना कर्मचारीसँग तल दिइएको प्रश्नावलीका आधारमा छनोट भएको विद्यालयको प्रधानाध्यापकको कार्यसम्पादन मूल्याङ्कन कसरी गर्नुहुन्छ? सोधी उपयुक्त लागेकोमा ठिक चिह्न (√ ) लगाउन भन्नुहोस्। यसैबमोजिम अङ्कन गर्नुहोस्। कुल अङ्क १० भन्दा कम भए १ अङ्क अर्थात् सामान्य, २० सम्म भए २ अङ्क अर्थात् मध्यम, ३० सम्म भए ३ अङ्क अर्थात् उत्तम र ३० भन्दा बढी भए ४ अङ्क अर्थात् अति उत्तम दिनुहोस्। यस साधनको सम्बद्ध सूचक रहेको अंशमा चिनो लगाउनुहोस्।

**सहभागी कर्मचारीको पदः...............**

| क्र.स. | सूचक ६३ सँग सम्बन्धित विषयवस्तु | मूल्याङ्कन स्तर | | | |
|---|---|---|---|---|---|
| | | सामान्य (१) | मध्यम (२) | उत्तम (३) | अति उत्तम (४) |
| १ | प्रधानाध्यापकबाट शिक्षा ऐन, नियम, निर्देशिका, परिपत्रको पालना भएको | | | | |
| २ | स्थानीय तहसँग नियमित समन्वय र समयभित्र प्रतिवेदन गरिएको | | | | |
| ३ | स्थानीय पाठ्यक्रमसहित तथा शैक्षणिक पक्षको कार्यान्वयनको प्रभावकारिता | | | | |
| ४ | विद्यालयको शैक्षिक नतिजामा क्रमिक सुधार | | | | |
| ५ | शिक्षक व्यवस्थापन, परिचालन र उपस्थिति व्यवस्थित | | | | |
| ६ | बजेट तथा स्रोतको सदुपयोग भएको | | | | |
| ७ | विद्यालयमा असल अभ्यास, समस्या, चुनौती र सम्भावनाबारे नियमित छलफल हुने | | | | |
| ८ | समावेशी र गुणस्तरीय शिक्षामा विद्यालय/प्रअको ध्यान पुगेको | | | | |
| ९ | प्रअमार्फत् विद्यालय र समुदायसँगको सम्बन्ध | | | | |
| १० | प्रधानाध्यापकको पेसागत इमानदारिता र कार्यसम्पादन स्तर | | | | |

## फाराम ६ : सूचक ६४ सँग सम्बन्धित (अन्य सरोकारवालाबाट प्रअको मूल्याङ्कन) (२ प्रति)

विद्यालय सेवा क्षेत्रबाट अन्य सरोकारवालाको रूपमा २ जना छनोट गर्नुहोस्। अन्य सरोकारवालामा विद्यालयका अभिभावकको रूपमा नभएका समुदायका व्यक्तिबाट विद्यालयको समन्वयमा छनोट गर्नुपर्ने हुन्छ। छनोट गरिएका विद्यालयको पठनपाठन र गुणस्तर तथा कार्य प्रगति तथा समग्र सुविधा तथा विद्यालयको वातावरणका सम्बन्धमा देहायको फाराम भराउनुहोस्। उनीहरूले दिएको उत्तर गोप्य रहने कुराको जानकारी दिनुहोस्। सबैका प्रतिक्रिया सङ्कलन गरी अङ्कन गर्नुहोस्। अङ्कनको विधिका लागि अनुसूचीको फाराम १ को सुरुमा दिइएको गणना तरिका हेर्नुहोस्। यस साधनको सम्बद्ध सूचक रहेको अंशमा चिनो लगाउनुहोस्।

सहभागीको पृष्ठभूमिः ..................... लैङ्गिकताः महिला/पुरुष/.......

| क्र.स. | सूचक ६४ सँग सम्बन्धित विषयवस्तु | मूल्याङ्कन स्तर | | | |
|---|---|---|---|---|---|
| | | सामान्य (१) | मध्यम (२) | उत्तम (३) | अति उत्तम (४) |
| १ | प्रधानाध्यापकमार्फत् विद्यालय र समुदायको सम्बन्ध | | | | |
| २ | विद्यालय समुदायको आवश्यकताप्रति संवेदनशील र चासो राख्ने | | | | |
| ३ | विद्यालयमा समुदायको सहभागिता र सहयोगको वातावरण | | | | |
| ४ | विद्यालयप्रति समुदायको सम्मान र सकारात्मक विश्वास | | | | |
| ५ | आपसी सहकार्य र साझेदारीमा प्रधानाध्यापकको सक्रियता | | | | |
| ६ | विद्यालयमा सामाजिक उत्तरदायित्व निर्वाह गरिएको | | | | |
| ७ | विद्यालयमा अधिकतम स्रोत परिचालनमा पहल गरिएको | | | | |
| ८ | समावेशी विद्यालय वातावरण विकासमा प्रयत्नरत | | | | |
| ९ | विद्यालय समुदायको गौरव र इज्जतको संस्था | | | | |
| १० | सामाजिक समस्या समाधान र समाजमा सकारात्मक उत्प्रेरणा जागृत गर्न विद्यालयका प्रयासको प्रभाव | | | | |

## फाराम ७ : सूचक ६५ सँग सम्बन्धित (विवाद तथा द्वन्द्व व्यवस्थापन सिप र क्षमता) (३ प्रति)

शिक्षक, विद्यार्थी, विव्यसका पदाधिकारी वा अभिभावकमध्ये १ जनाका दरले ३ जना छनोट गर्नुहोस्। छनोट गरिएका सहभागीलाई प्रधानाध्यापक विद्यालयभित्र हुनेः विव्यस/शिअस र आफैं बिच, विव्यस र शिअसबिच, विद्यालय र समुदायबिच, शिक्षक र आफूबिच, शिक्षक/कर्मचारीबिचको विवाद सुल्झाउनमा कुशल (सिपालु र क्षमतावान) हुनुहुन्छ? भन्ने कथनमा कुन हदसम्म सहमत हुनुहुन्छ भनी प्रश्न सोध्नुहोस्। उनीहरूले दिएको उत्तर गोप्य रहने कुराको जानकारी दिनुहोस्। सबैका प्रतिक्रिया सङ्कलन गरी अङ्कन गर्नुहोस्। अङ्कनको विधिका लागि अनुसूचीको फाराम १ को सुरुमा दिइएको गणना तरिका हेर्नुहोस्। यस साधनको सम्बद्ध सूचक रहेको अंशमा चिनो लगाउनुहोस्।

सहभागीको पृष्ठभूमिः ...................... लैङ्गिकताः महिला/पुरुष/.......

| क्र.स. | सूचक ६५ सँग सम्बन्धित | मूल्याङ्कन स्तर | | | |
|---|---|---|---|---|---|
| | | सामान्य (१) | मध्यम (२) | उत्तम (३) | अति उत्तम (४) |
| १ | विद्यालयमा विवाद तथा द्वन्द्व व्यवस्थापनमा प्रअबाट अगुवाइ हुने | | | | |
| २ | विद्यालयमा विवाद/द्वन्द्व व्यवस्थापनसम्बन्धी स्पष्ट नीति वा कार्यविधि | | | | |
| ३ | विद्यालयमा सम्भावित विवाद/तनाव समयमै पहिचान गर्ने अभ्यास | | | | |
| ४ | विद्यालयमा विवाद हुन नदिन रोकथाममूलक कार्यक्रम (संवाद, सचेतना) | | | | |
| ५ | शिक्षक–विद्यार्थी, विद्यार्थी–विद्यार्थीबिच खुला सम्बादको वातावरण | | | | |
| ६ | विद्यालयमा विवाद समाधानमा सम्बाद र मध्यस्थता विधिको प्रयोग | | | | |
| ७ | विद्यालयमा विवाद समाधान गर्दा निष्पक्ष र न्यायपूर्ण व्यवहार | | | | |
| ८ | विवाद/ द्वन्द्व समाधानका क्रममा सबै पक्षको कुरा धैर्यपूर्वक सुन्ने अभ्यास | | | | |
| ९ | विद्यालयमा विवाद/ द्वन्द्वका घटनाहरूको अभिलेख राखिएको | | | | |
| १० | समस्या समाधानपछि अनुगमन गर्ने र पुनः विवाद/ द्वन्द्व हुन नदिन सल्लाह, सुझाव र परामर्श गर्ने | | | | |

## फाराम ८ : प्रधानाध्यापकको दैनिक कामको रूजुसूची

यो फाराम सूचक ६६ सँग सम्बन्धित छ। तलको तालिकामा दिइएका कामहरू के कति र कसरी भइरहेका छन् ? सोका आधारमा आफ्नो कामको मूल्याङ्कन गरी माथि सूचक ६६ मा प्रअले आफ्नो कामलाई समग्रमा मूल्याङ्कन गर्नुहोस्। बाह्य परीक्षकले अन्तरक्रिया र अवलोकन गरी यी कार्यहरूको अवस्था यकिन गर्नुहोस्। (प्रधानाध्यापकले दैनिक गर्नुपर्ने यी कार्यहरू केही विद्यालयमा अभ्यासमा पनि रहेको देखिन्छ।यी कार्यलाई दैनिक कार्यसञ्चालनका प्रयोग गर्न सकिने छ।

| क्र.सं. | विषयगत क्षेत्र | हुन्छ | हुँदैन |
|---|---|---|---|
| १ | **बिहानको सुरुवात** | | |
| | क. सबै शिक्षक उपस्थितिको जाँच गर्ने | | |
| | ख. कक्षागत रिपोर्टको आधारमा विद्यार्थी उपस्थितिको यकिन गर्ने | | |
| | ग. सूचना पाटीको अद्यावधिकताको जाँच गर्ने | | |
| | घ. बिहानको प्रार्थना सभामा अनुशासन, सकारात्मकता र विद्यालयका मूल्यबारेमा सङक्षिप्त सन्देश प्रवाह गर्ने | | |
| | ङ. सरोकारवालाको गुनासोको जानकारी र सम्बोधन गर्ने | | |
| २ | **शिक्षक सम्पर्क र सहकार्य** | | |
| | क. कम्तीमा ५-१० मिनेट सबै शिक्षकसँग समन्वय बैठक गर्ने | | |
| | ख. शिक्षकको दैनिक पाठ योजनाको प्रमाणित गर्ने र पृष्ठपोषण दिने | | |
| | ग. कक्षा अवलोकनको लागि दैनिक योजना तयार पार्ने | | |
| | घ. शिक्षकहरूलाई आजको लक्ष्यउन्मुख छोटो प्रेरणात्मक सन्देश दिने र कक्षामा विद्यार्थीसमेतका लागि जानकारी दिन सल्लाह दिने । | | |
| ३ | **विद्यार्थी कक्षा व्यवस्थापन** | | |
| | क. नोटिस बोर्ड अद्यावधिक गर्ने | | |
| | ख. ढिलो सिक्ने विद्यार्थीको प्रगति र सिकाइ अभिप्रेरणाको चासो लिने | | |
| | ग. विद्यार्थी शिक्षकबिचको अन्तरक्रिया के कस्तो भइरहेको छ समीक्षा गर्ने | | |

| क.सं. | विषयगत क्षेत्र | हुन्छ | हुँदैन |
|---|---|---|---|
| | घ. अनुशासनसम्बन्धी समस्याहरू केही भए वा नभएको परामर्श गरी नियमानुसार सम्बोधन गर्ने | | |
| ४ | **विद्यालय समुदाय सम्बन्ध र सञ्चार** | | |
| | क. अभिभावक तथा समुदायमा प्रवाह गर्नुपर्ने सन्देशहरू समयमै sms/phone/notice board मार्फत प्रवाह भएको | | |
| | ख. आवश्यक्ताअनुसर SMC/PTA वा समुदाय प्रतिनिधिसँग वा सञ्चार समन्वय गर्ने | | |
| | ग. आज विद्यालमया कोही आगन्तुक आएको जानकारी लिने, स्वागत गर्ने, कुरा सुन्ने र आवश्यक समन्वय गर्ने | | |
| ५ | **सिकाइ गुणस्तर व्यवस्थापन** | | |
| | क. गृहकार्य/कक्षाकार्य परीक्षणको सुनिश्चितता र गुणस्तर | | |
| | ख. कमजोर विषय/कक्षा पहिचान तथा सो को शिक्षकसँग छलफल | | |
| | ग. ICT वा डिजिटल साधनको अवस्था र प्रयोगको जाँच | | |
| | घ. अतिरिक्त वा सह क्रियाकलापको दैनिक अद्यावधिक र अभिलेखन गर्ने गराउने | | |
| ६ | **विद्यालयको नियमित प्रशासन** | | |
| | क. विद्यालय परिसर (शौचालय) को सरसफाइ र पानीको उपलब्धता | | |
| | ख. दैनिक हाजिरी, फाइल, पत्राचार अभिलेख र जानकारी | | |
| | ग. बजेट/स्रोत व्यवस्थापनसम्बन्धी तत्काल आवश्यक कामको समीक्षा र समन्वय | | |
| | घ. विद्यालय सुरक्षा गतिविधिको अवस्था जानकारी लिने र आवश्यक निर्देशन दिने | | |
| ७ | **शिक्षक विद्यार्थी अभिभावक गुनासो सुनुवाइ र समाधान** | | |
| | क. विद्यार्थीका दैनिक समस्या सुनुवाइ हुने सम्पर्क व्यक्तिको व्यवस्था गर्ने ? | | |
| | ख.शिक्षकहरूक कुनै समस्या, गुनासो वा सुझाव छन भने टिपोट गर्ने | | |
| | ग. समस्याको गाम्भीरताअनुसार सोही दिन वा कहिलेसम्म सम्बोधन हुन्छ, योजना गर्ने | | |

| क्र.सं. | विषयगत क्षेत्र | हुन्छ | हुँदैन |
|---|---|---|---|
| | घ. विषयको गाम्भीरताअनुसार विव्यस बैठक वा अन्यत्र पत्राचार गर्ने | | |
| ८ | **विद्यालयमा सकारात्मक वातावरण निर्माण** | | |
| | क. प्रत्येक दिनका लागि एउटा सन्देशमूलक सकारात्मक वाक्य प्रस्तुत गर्ने? | | |
| | ख.शिक्षक विद्यार्थीलाई आजको दिनको लागि प्रशंसा गर्ने, स्यावासी भन्ने, धन्यवाद भन्ने लगायत | | |
| | ग.कक्षामा सिकाइ प्रोत्साहन, अनुशासन र सकारात्मक र सुरक्षित वातावरण तयार गर्ने | | |
| ९ | **दिनको अन्त्य** | | |
| | क.आज पूरा भएका/नभएका कामको अवस्था रूजु गर्ने | | |
| | ख. सहभागितात्मक विधिबाट भोलिका लागि गरिने कामको सूची बनाउने | | |
| | ग.शिक्षकसँग ५ मिनट दिनको समीक्षा गर्ने | | |
| | घ.महत्त्वपूर्ण जानकारी वा सूचनाको अभिलेख राख्ने | | |
| | ङ. विद्यालयको बेलुकीको सुरक्षा जाँच र निर्देशन | | |
| | च. मुस्कानसहित धन्यवाद र विदाइ | | |

## प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षणको क्षेत्र, सूचक सङ्ख्या

| क्र.सं. | परीक्षणका क्षेत्र | सूचक सङ्ख्या | कुल अङ्क | प्राप्त अङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | योजना निर्माण र कार्यान्वयन | ८ | २६ | | |
| २ | शिक्षण सिकाइको नेतृत्व र व्यवस्थापन | ८ | २५ | | |
| ३ | सिकाइ वातावरण र सहजीकरण सिप | १० | ३० | | |
| ४ | विद्यालय सुशासन र वित्तीय व्यवस्थापन | ११ | ३४ | | |
| ५ | पेसागत सक्षमता तथा व्यवस्थापकीय सिप | ७ | २४ | | |
| ६ | विद्यार्थी सुविधा र सिकाइ प्रोत्साहन | ६ | १९ | | |
| ७ | विद्यार्थी सिकाइ परीक्षण र उपलब्धि | ८ | २५ | | |
| ८ | कार्यसम्पादनप्रति सरोकारवालाको मूल्याङ्कन | ८ | ३२ | | |
| **जम्मा** | | **६६** | **२१५** | | |

**प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादनको समग्र स्तर**

| क्र.स. | स्तर वा श्रेणी | स्तर निर्धारणका आधार | प्राप्ताङ्कका आधारमा चिनो (☑ ) लगाउनुहोस् |
|---|---|---|---|
| १ | उत्कृष्ट (Excellent) | ९० % (प्राप्ताङ्क १९३.५ र सोभन्दा माथि) | ५ उत्कृष्ट |
| २ | धेरै राम्रो (Very Good) | ८० % देखि ९० % (प्राप्ताङ्क १७२-१९३.५ भन्दा कम) | ४ धेरै राम्रो |
| ३ | राम्रो (Good) | ६० % देखि ८० % (प्राप्ताङ्क १२९-१७२ भन्दा कम) | ३ राम्रो |
| ४ | सामान्य (Fair) | ४० % देखि ६० % (प्राप्ताङ्क ८६-१२९ भन्दा कम) | २ सामान्य |
| ५ | कमजोर (Poor) | ४० % (प्राप्ताक ८६) भन्दा कम | १ कमजोर |

**प्रतिशत गणना गर्ने तरिका**

परीक्षणका ८ ओटा क्षेत्र र ६६ सूचकको जम्मा पूर्णाङ्क २१५ को गणना गर्दा प्रअले प्राप्त गरेको प्राप्ताङ्क प्रतिशत निकाल्ने सूत्रः प्रअले ८ क्षेत्रका ६६ सूचकमा पाएको कुल अङ्क/ (भाग) कुल पूर्णाङ्क (२१५) X (गुणन) १००

$$\text{प्राप्ताङ्क प्रतिशत} = \frac{\text{प्रअले प्राप्त गरेको कुल अङ्क}}{\text{कुल पूर्णाङ्क (२१५)}} \times १००$$

## ५. परीक्षणको नतिजामा आधारित प्रधानाध्यापकको प्रतिक्रिया

नतिजा सम्बन्धमा प्रधानाध्यापकसँग छलफल गर्नुहोस्। विषयगत प्रतिक्रिया टिपोट तयारी गर्न भन्नुहोस्। सबल पक्ष र सुधार गर्नुपर्ने पक्ष पहिचान गरी भावी योजना लक्ष्य वा प्रतिवद्धता समावेश गरी लेख्न लगाउनुहोस्। **(प्रअ आफैंले भर्नुहोस्।)**

| विषय क्षेत्र | सबल पक्ष । सुधार गर्नुपर्ने पक्ष वा भावी योजना |
|---|---|
| योजना निर्माण र कार्यान्वयन | |
| शिक्षण सिकाइको नेतृत्व र व्यवस्थापन | |
| सिकाइ वातावरण सहजीकरण सिप | |

| विषय क्षेत्र | सबल पक्ष । सुधार गर्नुपर्ने पक्ष वा भावी योजना |
| --- | --- |
| विद्यालय सुशासन र वित्तीय व्यवस्थापन | |
| पेसागत सक्षमता तथा व्यवस्थापकीय सिप | |
| विद्यार्थी सुविधा र सिकाइ प्रोत्साहन | |
| विद्यार्थी सिकाइ परीक्षण र उपलब्धि | |
| कार्यसम्पादनप्रति सरोकारवालाको मूल्याङ्कन | |

**पछिल्लो ३ देखि ५ वर्षमा विद्यालयको भौतिक, शैक्षिक, कार्यवातावरण आदिमा आएको सुधार, समुदायको विश्वासमा आएको परिवर्तनबारे उल्लेख गर्नुहोस्। (प्रअले लेख्नुहोस्।)**

## ६. विज्ञ परीक्षकको सुझाव तथा सिफारिस

परीक्षणका क्रममा गरिएको अवलोकन, अन्तरक्रिया, प्रमाण अध्ययन, सरोकारवालाको प्रतिक्रियाको निचोड र परीक्षकले गरेको डायरी टिपोट, यस साधनको अग्र भागमा रहेको अङ्कन तथा प्राप्त प्रमाणको आधारमा मुख्य विषय क्षेत्रमा परीक्षकले आफ्नो निचोड, यस विषयमा तत्काल सुधार गर्न सकिने र क्रमशः सुधार गर्नुपर्ने विषयमा स्पष्ट खुल्ने गरी उल्लेख गर्नुहोस्।

| विषयक्षेत्र | तथ्यमा आधारित निचोड, तत्काल सुधार गर्न सकिने वा क्रमशः सुधार गर्नुपर्ने विषय |
|---|---|
| योजना निर्माण र कार्यान्वयन | |
| शिक्षण सिकाइको नेतृत्व र व्यवस्थापन | |
| सिकाइ वातावरण र सहजीकरण सिप | |
| विद्यालय सुशासन र वित्तीय व्यवस्थापन | |

| विषयक्षेत्र | तथ्यमा आधारित निचोड, तत्काल सुधार गर्न सकिने वा क्रमशः सुधार गर्नुपर्ने विषय |
|---|---|
| **पेसागत सक्षमता र व्यवस्थापकीय सिप** | |
| **विद्यार्थी सुविधा र सिकाइ प्रोत्साहन** | |
| **विद्यार्थी सिकाइ परीक्षण र उपलब्धि** | |

**परीक्षण मितिः ...................................** **प्राप्त अङ्कः ................ प्रतिशत**

विज्ञ परीक्षक १ को नाम : हस्ताक्षर : प्रअको नाम :

विज्ञ परीक्षक २ को नाम : हस्ताक्षरः हस्ताक्षर

विद्यालयको छाप

टिपोटका लागिः

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शैक्षिक गुणस्तर परीक्षण केन्द्र
सानोठिमी, भक्तपुर
फोन नं.: ०१-६६३२११६, वेबपेज: www.ero.gov.np
इमेल: performanceauditero@gmail.com
© शैक्षिक गुणस्तर परीक्षण केन्द्र, Education Review Office (ERO)